
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



आश्विन पूर्णिमा

सिद्धार्थको बुद्धत्वप्राप्ति

DHARMAKIRTI

वर्ष- १५ अङ्क- ६ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

थियो । तर यसपाली भने प्रकाशित भएको देखिएन । त्यसैले भिक्षु संघ समेत निश्क्रिय हुँदै गएको देखियो ।"

एकजनाले भन्यो– "यो त भिक्षु संघको अगाडि राख्नु पर्ने प्रश्न पऱ्यो । तैपनि पीर मान्नु पर्दैन । किनभने यस छलफल प्रतिवेदन धर्मकीर्ति पत्रिकामा छापिने भएको हुँदा भिक्षु संघका पदाधिकारीहरू बीच पुग्ने यस धर्मकीर्ति पत्रिकाले उनीहरूलाई खबर गरिहाल्छ नि ।"

अर्का एकजना सदस्यले भन्यो– "धर्मकीर्ति पत्रिका मात्र पुगेर पनि के गर्नु ? यहाँ त मुख्य कुरो चेतना र चाहना पनि हुनु पऱ्यो । बुलेटिन समय-समयमा निकाल्न पाए भिक्षु संघको गतिविधि पनि प्रचार हुने थियो । यस प्रकारको बुलेटिन भिक्षु संघको मुखपत्र भएको हुँदा भिक्षु संघको विषयमा जन मानसमा राम्रो ज्ञान हुने थियो । आजभोली त युवा बौद्ध समूह समेत निश्क्रिय रहेको देखिन्छ ।"

फेरि अर्को एकजना सदस्यले भन्न थाले– "भिक्षु संघ नै निश्क्रिय रहँदै गएको समयमा गृहस्थी बनी परिवारले घेरिएर रहेको व्यक्तिहरूको निश्क्रियताको कुरै नगरौं । आजलाई छलफल पनि यहीं टुग्याऔं ।"

■

**नयाँ खबर**

१. लगभग ८ वर्ष पहिले प्रब्रजित हुनुभएका प्रकाश शाक्यले ५ वर्ष भिक्षु जीवन बिताउनु भई स्वईच्छाले भिक्षु जीवन त्याग गरी गृहस्थी हुनुभयो । ३ वर्ष जति गृहस्थीको रूपमा रहनु भएका प्रकाश शाक्य हाल गत आश्वीन ९ गते संघाराममा प्रब्रजित हुनुभई आनन्दकुटी विहारको उपोसथ गृहमा संघ उपनायक भिक्षु अनिरूद्ध महास्थविरको आचार्यत्वमा उपसम्पन्न भई भिक्षु सुशील हुनुभयो । भिक्षु सुशीलका दाता अनगारिका कमला हुनुहुन्थ्यो ।

२. २०५४ आश्वीन ९ गतेकै दिन श्रामणेर अस्सजीले पनि उपसम्पदा प्राप्त गर्नुभई भिक्षु अस्सजी हुनुभयो ।

भिक्षु सुशील र भिक्षु अस्सजीका कर्मवाचार्यहरू भिक्षु कुमार काश्यप (अखिल नेपाल भिक्षु संघका अध्यक्ष), भिक्षु गुणघोष, भिक्षु सुमेध र भिक्षु प्रज्ञामूर्ति ।

यस प्रब्रजित कार्यक्रममा १२ जवान भिक्षुहरूको उपस्थिति थियो ।

३. संघाराममा प्रब्रजित हुनुभएका श्रामणेर संघरक्षितले २ वर्ष श्रामणेर जीवन बिताई गृहस्थी हुनु भएका थिए । लुभु ललितपुर निवासी उहाँले ५ वर्षसम्म गृहस्थी जीवन बिताउनु भई फेरि श्रामणेर नै हुनुभई श्रामणेर संघरक्षित हुनु भएको समाचार छ ।

## अनिच्चावत संखारा



जन्म वि.सं. १९७८-१-२८ देहावसान वि.सं. २०५४-५-१८

**दिवंगत हिरारत्न महर्जन**

**जिमि जहान हिरारत्न महर्जन ७६ दं या बैसे आका झाकां मदुगुलीं वयकया निर्वाण कामनाया लिसें भावपूर्ण श्रद्धाञ्जली अर्पण याना च्वना ।**

जानम्ह

**न्हुच्छेमाया महर्जन व परिवार**

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**अनगारिका वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
**अनगारिका धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११७
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

October 1997

| वर्ष- १५ | अङ्क- ६ | कतिंपुन्ही | कार्तिक २०५४ |
|---|---|---|---|




★ सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं विद्वान पण्डितले पनि अलि अलि गरेर क्रमशः आफ्नो चित्त मल निखार्नुपर्छ।

★★★

★ लज्जा रहित काग अर्काको खोसेर खान वीर भए जस्तै, अर्काको कुभलो चिताउने, बकवादी, अहंकार भ्रष्टाचारी भई मनुष्य जीवन बिताउनु सजिलो छ।

★★★

★ दोषारोपन गर्ने विचारले सधैं अर्काको दोष देखि रहने व्यक्तिको चित्त मल बढ्दछ। उ चित्तमल क्षय हुनुबाट बञ्चित हुन्छ।

Downloaded from http://www.dhamma.digital

# सिद्धार्थको बुद्धत्त्वप्राप्ति

✍ बुद्धदास भिक्खु

भावानुवादक : भिक्षु विपस्सी (धम्मारामो)

छन्दक सिद्धार्थको वस्त्राभरण तथा कण्ठक घोडा लिएर कपिलवस्तु फर्क्यो । भिक्षु सिद्धार्थ अनोमा नदी नजिकै ६ दिनसम्म अनुप्रिय नामको आँपको घारीमा बस्नुभयो । त्यसपछि वहाँ दक्षिणतिर लाग्नुभई सोझै मगधको राजधानी राजगृह नगरमा पुग्नुभयो । वहाँ विहान सबेरै राजगृह नगरको छेउको नदीमा स्नान गरिसकेपछि अरू प्रव्रजितहरू जस्तै नै वहाँ पनि भिक्षाटनको लागि नगरमा जानुभयो । नगरवासीहरूले वहाँमा सर्वसाधारण प्रव्रजितमा भन्दा भिन्दै लक्षणहरू भएको देखे । त्यसो हुनाले पाए जति सबभन्दा असल असल खानेकुराहरू वहाँलाई दान दिन ल्याए ।

छाक पुग्नेगरि भिक्षा पाइसकेपछि भिक्षु सिद्धार्थ भोजन गर्नको लागि राजगृह नगरमा निस्की पाण्डव पर्वतमा जानुभयो । त्यसबेला नगरवासीहरूमा सिद्धार्थको बारेमा यस्तो हल्ला-खल्ला मच्यो– "वहाँको स्वभाव सर्वसाधारण प्रव्रजितको भन्दा भिन्न छ । वहाँ सौन्दर्यमा अनुपम र उच्च स्वभावले युक्त हुनुहुन्छ ।" त्यहाँका र ाजा बिम्बिसारले यो कुरा सुनेर एकजना राजपुरुषबाट पत्ता लगाउनुभयो– "सिद्धार्थ कपिलवस्तुका राजसिंहासनका हकदार हुनुहुन्छ । तर ज्ञानको खोजीको लागि भिक्षु हुनुभएको हो ।"

राजा बिम्बिसार सिद्धार्थलाई भेट्न पाण्डव पर्वतमा जानुभयो । अनि भिक्षु सिद्धार्थलाई वहाँले आफ्नो राजकाजमा बस्नको लागि आग्रह गर्नुभयो । तर वहाँले मञ्जुर गर्नुनभएकोले प्रव्रजित नै भएर पनि दरबारमा बस्न आग्रह गर्नुभयो । ज्ञानको खोजीका लागि सुविधा हुनेगरि भिक्षान्न तथा अन्य कुराहरू चढाउने प्रस्ताव पनि राख्नुभयो । तर वहाँले स्वीकार्नु भएन । अनि बिम्बिसार राजाले अनुरोध गर्नुभयो– "त्यसो भए यहाँले ज्ञान पाईसक्नु भएपछि सर्वप्रथम राजगृह नगरमा आई म राजा तथा मेरा प्रजालाई दर्शन दिनुहोस् ।" यो कुरो वहाँले स्वीकार गर्नुभयो ।

भोलिपल्ट भिक्षु सिद्धार्थ राजगृह नगरबाट निस्कनुभई विभिन्न मतका सन्यासीहरू बस्ने डाँडातिर लाग्नुभयो । बाटोमा वहाँले शहरतिर लगिँदै गरिएका भेडा बाख्राको ठूलो बथान देख्नुभयो । त्यसमा एउटा कलिलो पाठोको खुट्टामा घाउ लागेर रगत निस्केको थियो । त्यो पाठो खोच्याउँदै बथानलाई पछ्याउँदै थियो । माउ भेडी अति दया र पीडापूर्वक आफ्नो त्यो स्यानो पाठोलाई छिन छिनमा फर्केर हेर्दै गइरहेको थियो । यो देखेर सिद्धार्थको हृदय करूणाले भरियो ।

भिक्षु सिद्धार्थ त्यो स्यानो पाठोलाई बोकी मल्दै भेडाको बथानलाई पछ्याउनुभयो । वहाँले गोठालाहरूसँग सोध्नुभयो– "दिनभरि घाँस चराएर साँझ गोठमा लैजानुको सट्टा यस्तो मध्यान्ह समयमा यो बथानलाई यसरी कहाँ लग्दैछौ ?" गोठालाहरूले बिन्ती गरे– "राजाको हुकुम मुताबिक हामीले भेडा तथा बाख्रा एक-एकशय गरि दिनहुँ नगरमा पुऱ्याउनु पर्छ । यसबाट राजा ठूलो पूजा गर्नुहुन्छ ।" अनि वहाँले, "तिमीहरूसँग म पनि आउनेछु ।" भन्नुभई त्यो पाठोलाई बोकेर नै बथानको पछिपछि लाग्नुभयो ।

हरेक क्षण आफ्नो मृत्युको नजिक गईरहेका ती पशुहरूको बथानका साथ भिक्षु सिद्धार्थ राजगृह नगर पुग्नुभयो । वहाँ ठूलो पूजा गरिन लागेको त्यो ठाउँ राजप्राङ्गणमा नै जानुभयो । राजा त्यहाँ विभिन्न देवी-देवताहरूको स्तुतिपाठ गरिरहेका ब्राह्मणहरूका साथ बसिरहनुभएको थियो । यज्ञकुण्डमा आगो पनि बालिसकिएको थियो । ब्राह्मण पुरोहितहरू ती भर्खर ल्याइपुऱ्याइएका पशुहरूलाई बाँधी यूपमा राखी काट्न तयार थिए । सर्वप्रथम प्रधान पुरोहितले बलीलाई काट्न खुकुरी उठाउँदा भिक्षु सिद्धार्थले तुरन्त अगाडि सरेर उसलाई रोक्नुभयो ।

भिक्षु सिद्धार्थले बडो प्रिय तथा शिष्ट ढंगले राजा बिम्बिसारलाई भन्नुभयो– "महाराज ! पुरोहितलाई विचरो प्राणीको ज्यान लिन नदिनुहोस् ।" सभासद्लाई अत्यधिक प्रभावित हुनेगरि सम्झाउँदै भन्नुभयो– "भेला भएका सबैलाई थाहा भएकै कुरो हो । जीवन कति आश्चर्यजनक छ । यसलाई नाश भने जो कसैले पनि गर्न सकिन्छ । तर सद्य पार्न भने सकिन्न ।" वहाँले अझ भन्नुभयो– "मानिसहरू जस्तै नै हरेक प्राणी आफ्नो



Downloaded from http://www.dhamma.digital

जीवनलाई माया गर्छ । मरण देखि सबैजना डराउँछन् । आफैंजस्ता प्राणीहरूको जीवन मानिसहरू किन बलपूर्वक लुट्दछन् ?"

भिक्षु सिद्धार्थले अगाडि भन्नुभयो– "यदि मानिसले दया करूणा पाउन चाहन्छ भने पहिले ऊ आफैं दयावान् र करूणावान् हुनुपर्दछ । यदि उसले हिंसा गऱ्यो भने बदलाको रूपमा उसको पनि प्राण हरण हुने कुरो संसारकै नियम हो ।" वहाँले ठोकेर भन्नुभयो– "यदि हामी सुख चाहन्छौं भने अरू प्रणीहरूलाई दु:ख दिनुहुँदैन । चाहे त्यो स्यानोभन्दा स्यानो नै किन नहोस् । जुन व्यक्तिले दु:ख दर्दको बिऊ रोपेको छ; त्यसलाई उस्तै प्रकारको फल आउने कुरोमा पनि शङ्का नै मान्नु पर्दैन ।"

भिक्षु सिद्धार्थले त्यो पूजा यज्ञमा भेला भएका राजा सहित सन्न्यासी, ब्राह्मण, पुरोहित र नागरिकहरूलाई नरम तथा करूणाले भरिएको मनले तर जोडदारपूर्वक सम्झाउनुभयो । अनि राजा बिम्बिसारले फेरि एकचोटि भिक्षु सिद्धार्थलाई आफ्नो राज्यमा बसी जनतालाई दया करूणाको उपदेश दिएर बस्नुहुन प्रार्थना गर्नुभयो । भिक्षु सिद्धार्थले राजालाई सद्भावनाको लागि धन्यवाद दिनुभयो । चाहेको ज्ञान पाई नसकेकोले त्यहाँ बस्ने कुरो भने अस्वीकार गरि भ्रमणमा जानको लागि राजासित बिदा लिनुभयो ।

यसपटक भिक्षु सिद्धार्थ राजगृह नगरबाट निस्कनुभई त्यसबेलाका नाना सिद्धान्तवादी अनेक आचार्यहरू मध्येमा प्रसिद्ध कालाम गोत्रका आलार तपस्वीकहाँ जानुभयो । वहाँले त्यहाँ सम्पूर्ण सिद्धान्त तथा साधनाहरूमा गुरु समान योग्यता हासिल गर्नुभयो । वहाँ शिष्यमा हुनुपर्ने सम्पूर्ण गुणले युक्त हुनुभएकोलें आचार्यका अति प्रियपात्र हुनुभयो ।

एकदिन आचार्य आलार कलाम तपस्वीले सिद्धार्थलाई भन्नुभयो– "अब मैले जाने जति नै सबै कुरा तपाईंले पनि जान्नुभयो, बुझ्नुभयो । यो सिद्धान्तलाई तपाईंले पनि सिकाउन सक्नुहुन्छ । हामी दुईजनाका बीचमा ज्ञानका बारे कुनै फरक रहेन । म तथा तपाईं मिलेर शिष्यहरूलाई सिकाऔं ।" अनि भिक्षु सिद्धार्थले सोध्नुभयो– "के अब गुरुसँग मलाई सिकाउने केही कुरो बाँकी रहेन र ? के तपाईं मलाई रोग, मृत्यु, आदिमाथि विजय पाउने तरिका बताउन सक्नुहुन्न ?" आलार तपस्वीले सक्दिन भनी जवाफ दिनुभयो । किन भने वहाँले आफूसंग भएका सबै ज्ञान त सिकाई नै सक्नुभएको थियो ।

आलार कालाम तपस्वीबाट भिक्षु सिद्धार्थले चित्त शान्तगरि इहलोक तथा परलोकमा रहेका कुनै कुराको चाल नपाइने अवस्थाको ध्यान सिकिसक्नुभएको थियो । वहाँको मन त्यसमा लागेको पनि थियो । तर त्यो ज्ञान जन्म, जरा, व्याधि र मरण आदि जीवनका समस्याको पुर्णसमाधान दिन समर्थ थिएन । जुन वहाँले खोजी गर्दै हुनुहुन्थ्यो । त्यसो हुनाले वहाँ आलार कालाम तपस्वीको त्यो आश्रमबाट बिदा लिएर विभिन्न ठाउँहरूमा भ्रमण गर्दै ज्ञन माथिल्लो ज्ञानको खोजीमा लाग्नुभयो ।

जाँदा जाँदा भिक्षु सिद्धार्थले दर्शनाचार्य उद्दक रामपुत्रको बारेमा सूचना पाउनुभयो । उद्दकरामपुत्र चित्तको बारेमा उच्चज्ञानी हुनुहुन्थ्यो । त्यसैले सिद्धार्थले उनका शिष्यत्त्वमा बसी पूरा उत्साह एवं मेहनतपूर्वक अध्ययन तथा अभ्यास गर्नुभयो । सिद्धार्थले यहाँ पनि गुरुसमान योग्यता हासिल गर्नुभयो । वहाँको ज्ञान तथा योग्यता देखि गुरु उद्दक रामपुत्र सन्तुष्ट हुनुभयो । अन्तमा वहाँले पनि भिक्षु सिद्धार्थलाई त्यही आश्रममै शिष्यहरूलाई सिकाई बस्नहुन आग्रह गर्नुभयो ।

भिक्षु सिद्धार्थ उद्दक तपस्वीबाट प्राप्त ज्ञानबाट पनि सन्तुष्ट हुनुभएन । यो ज्ञान आलार कालामको भन्दा उच्च थियो । यसले चित्तलाई शान्त पार्दा बाहिरी अनुभव मात्र नहुने होइन; "आफू जीवित छ, कि छैन"; भन्ने कुरोकोअनुभव समेत नभएको अवस्थामा पुगिन्छ । तर यति भइसक्दा पनि वहाँले चाहनुभएको जीवनका समस्या सुल्झाउने ज्ञान पाउनुभएन । त्यसो हुनाले वहाँ त्यहाँबाट पनि बिदाबाजी लिएर हिँड्नुभयो । यसपटक वहाँले निर्णय गर्नुभयो– "अब विभिन्न गुरुहरूलाई छोडेर आफ्नै बुद्धि र विचारले तथा आफ्नो मेहनतले नै ज्ञानको खोजी गर्नेछु ।"

त्यसबेलाका धार्मिक जनतामा एउटा यस्तो विश्वास थियो– "घरबार त्यागेर सन्यासी भएकाहरू र निराहार बसेर तथा अरू विभिन्न तरिकाहरूद्वारा आफ्नो शरीरलाई दु:ख दिएमा आफूहरू देवलोकमा अमर भई सुख भोग्न पाइन्छ ।" उनीहरू सोच्दथे– "यो लोकमा जति दु:ख भोगिन्छ त्यति नै परलोकमा बढी सुख भोग्न



Downloaded from http://www.dhamma.digital

पाइन्छ ।" त्यसो हुनाले धर्ममा लाग्नेहरू विभिन्न तरिकाद्वारा शरीरलाई दु:ख दिई कठोर तपस्या गर्दथे ।

यस्ता ब्रतधारीहरू मध्ये कोही कोही आफ्नो आहारको मात्रा क्रमश: घटाउँदै पूरा निराहार बस्ने अभ्यास गर्दथे । शरीर दुब्लो भई हाड छालामात्र बाँकी हुन्थे । कोही कोही एउटामात्र खुट्टाको भरमा उभिई रहन्थे । कोही कोही सधैं हात माथि उठाई राख्दथे । कोही कोही रूखमा झुण्डिएर बस्दथे । कोही कोही कहिल्यै हात नखोलिकन मुठी पारि राख्दथे । कोही कोही हत्केला नै छिचोल्नेगरि नङ्ग बढाएर राख्दथे । कोही कोही फलामका काँडाहरूमाथि सुत्दथे ।

भिक्षु सिद्धार्थले पनि तिनीहरूले जस्तै विभिन्न तरिकाबाट शरीरलाई दु:ख दिनमा लाग्नुभयो । वहाँले विचार गर्नुभयो– "यदि शरीरलाई दु:ख दिई तपस्या गरेको अवस्थामा पक्कै पनि ज्ञान पाउन सकिन्छ होला । उरूवेलमा वहाँले एउटा शान्त र समथर तथा जङ्गल सहितको ठाउँ देख्नुभयो । यहाँ खूब शीतल र सङ्लो पानी भएको नदी कलकल स्वर गर्दै बग्दथ्यो । स्नानादि गर्नका लागि घाट एवं भिक्षाटनको लागि गाउँ पनि नजिक थियो । वहाँले त्यहीं बसेर अति उच्चस्तरको तपस्या गर्ने निधो गर्नुभयो । अब मानिसहरू वहाँलाई बोधिसत्त्व पनि भन्नथाले यसको अर्थ बोधिको खोजीमा लागेको व्यक्ति हो ।

त्यसबेला पाँचजना व्यक्तिहरू प्रव्रजित भएर बोधिसत्त्वसंग बस्नआए । उनीहरूका नाम कौडिन्य, भद्दिय, वप्प, महानाम र अस्सजि थिए । उनीहरू कौडिन्य एकजना बाहेक सिद्धार्थलाई नामाकरण गर्ने विद्वान ब्राह्मणहरूका पुत्रहरू हुन् । उनीहरू आफ्ना पिताहरू दिवंगत भइसकेका हुनाले उनीहरूका सट्टामा प्रव्रजित भएका हुन् । कौडिन्य एकजना सिद्धार्थको नामाकरण गर्ने बेलाका ब्राह्मण थिए । उनीहरूलाई पञ्च भद्रवर्गीय भनिन्थ्यो । सिद्धार्थलाई तपस्यारत् बेलामा यी पञ्च भद्रवर्गीयहरू मिलेर सेवा गरे । उनीहरू सिद्धार्थले धेरै कठोर तथा महान् त्याग-तपस्या गरेर पाएको ज्ञान सुन्ने आशा गरिबसेका थिए ।

सिद्धार्थले अनेक तरहले कठोर तपस्या गर्नुभयो । वहाँले क्रमश: आहार खानु कम गर्नुभयो । हुँदाहुँदा पूरा अनशन नै बस्नुभयो । वहाँको शरीर अति दुब्लायो । हाड छाला मात्र बाँकी रह्यो । तर पनि हतोत्साहित हुनुभएन । वहाँले आफ्नो तपस्या जारी नै राख्नुभयो । वहाँ धेरै दिनसम्म निराहार बस्नुभएकोले शरीर कमजोर भई बेहोश भई भुइँमा लड्नुभयो । यो घटना अचानक एकजना बालक भेडागोठालोले देख्यो । उसलाई लाग्यो, वहाँ निराहार रहनु भएकोले मरिसक्नुभयो होला । किनभने त्यहाँ वरिपरि आउने जाने सबैले वहाँको कठीन तपस्यालाई देखेका थिए; जुन कि उसले पनि देखेको थियो ।

त्यसो हुनाले त्यो भेडागोठालोले हत्तर पत्तर एउटा लैनू भेडी बोधिसत्त्वको नजिक ल्याई दूध दुहेर बोधिसत्त्व सिद्धार्थलाई खुवायो । जसले गर्दा बोधिसत्त्व सिद्धार्थ होशमा आउनुभयो । केही छिनपछि वहाँ बस्न पनि सक्नुभयो अनि मात्र वहाँलाई केही सन्चो अनुभव भयो । वहाँले विचारगरि हेर्नुभयो– "म किन बेहोश भए हुँला ? फेरि कसरी होशमा आएको हुँला ?" अन्तमा वहाँले निर्णय गर्नुभयो कि यो बालकले मलाई दूध नख्वाएको भए आफू ज्ञान पाउन अगावै मर्नसक्थ्यो ।

त्यो बालक भेडागोठालो बोधिसत्त्वलाई निहुरेर अभिवादन गरि दगुरेर आफ्नो भेडाहरूको बथानमा फर्क्यो । आफूले गरेको कामले उसलाई अपार आनन्द लाग्यो । उसले त्यो महान् बोधिसत्त्व तपस्वीलाई दूध चढाएर जीवन बचाएको थियो ।

त्यसैदिन सूर्यास्तको बेलामा केही गवैया आइमाईहरू गीत गाउँदै नगरमा जाँदैथिए । त्यो गीतको आशय यस्तो थियो– "वीणाको तार खुकुलो भएमा स्वर आउँदैन । धेरै कस्सियो भने पनि तार नै चुँडिन्छ । मधुर स्वर निकाल्न चाहनेले वीणाको तारलाई ठीक्कसंग कस्नुपर्छ । अनि मात्र मधुरस्वर निस्कन्छ ।"

यो गीत सुनेर बोधिसत्त्वको मनमा विचार उठ्यो– "मैले जीवनरूपी तारलाई अति कस्सिने गरि तन्काएको रहेछु । त्यसैले शरीरलाई अत्यन्त कष्ट भयो । आफूले खोजेको सत्य धर्म नपाउँदै झण्डै जीवनको नै अन्त हुन आँटेको थियो । शरीरलाई कष्ट दिई यसरी घोर तपस्या गर्नु त सत्य धर्मको खोजीको लागि उचित मार्ग रहनेछ ।" वहाँले निर्णय गर्नुभयो, शरीरलाई कष्ट दिन छोडेर सत्यधर्म खोज्नको लागि चित्तलाई उच्च स्तरमा पुऱ्याउन कोसिस गर्नेछु । तसर्थ



Downloaded from http://www.dhamma.digital

वहाँ हरेक दिन बिहान भिक्षाटन जानुभयो । पाइएको अन्नपान सेवन पनि गर्नुभयो ।

बिस्तारै भिक्षु सिद्धार्थ पहिले जस्तै नै बलिष्ठ हुनुभयो । वहाँ निर्मल तथा स्वच्छ भई पहिले राजदरबारमा बस्दा जस्तै नै फूर्तिलो र छाँटिलो देखिनुभयो । अब वहाँलाई एउटा कुरा के स्पष्ट भयो भने शरीरलाई दु:ख दिएर ज्ञान पाउनखोज्नु बालुवाको डोरी बाट्नखोज्नु जस्तै नै हो । तर पञ्च भद्रवर्गीयहरूले यसरी बुझेनन् । शरीरलाई कष्ट दिनु एउटा मात्र उपाय हो भन्ने विश्वास छोड्न सकेनन् । त्यसो हुनाले बोधिसत्त्वले शरीरलाई पोस्नुहुँदा तिनीहरूले ठाने कि वहाँ अब लोभी हुनुभयो । तसर्थ उनीहरू बोधिसत्त्वलाई छोडेर इसिपतन मिगदाय वनमा बस्नगए ।

त्यसबेला सुजाता भन्ने एकजना महिला थिइन् । तिनले वर वृक्षलाई भाकल गरिराखेकी थिइन्,– "पहिलो गर्भमा नै छोरा पाउँ" भनेर । तिनले चिताए जस्तै नै त्यो भाकल पूरा भएकोले त्यो वरवृक्षलाई खीर चढाउन ल्याइन् । बोधिसत्त्वलाई त्यो वृक्षमुनि बसेको देखि तिनले देवता नै भन्ठानेर खीरले पूजा गरिन् । तिनले यसो पनि भनिन्– "जसरी मेरो इच्छा पूरा भयो; त्यसरी नै हजुरको इच्छा पनि पूरा होस् ।" बोधिसत्त्व सिद्धार्थले त्यो तन र मन दुवैका पोषक क्षीर स्वीकार गरि स्मृतिपूर्वक भोजन गर्नुभयो ।

बोधिसत्त्व त्यो दिन नेरञ्जरा नदीमा स्नान गरिसकेपछि त्यसको नजिक रहेको शाल वृक्षको घना जङ्गलमा बस्नुभयो । त्यसपछि वहाँले साँझपख सम्बोधि पाउन कोसिस गर्नको लागि उचितस्थान रोज्नुभयो । बटुवाहरूको आवत-जावत बन्द भएपछि त्यो शाल वृक्षको जङ्गलबाट निस्कनुभयो । बीचबाटोमा सोत्थिय भन्ने ब्राह्मण घँसियाले चढाएको घाँस बिछ्याई वहाँ एउटा पीपल रूखमुनि पूर्वाभिमुख गरि बस्नुभयो ।

त्यहाँ सिद्धार्थले मनमा अधिष्ठान गर्नुभयो– "मेरो शरीरको रगत सुकेर गए तापनि, मासु खतम भई गए तापनि, छाला, नसा तथा हाडहरू मात्र बचेता पनि आफूले खोजेको ज्ञान नपाएसम्म अर्थात् सारा प्राणीहरूलाई जन्म-मरण हुनबाट मुक्त गर्ने विधि पत्ता नलागुन्जेलसम्म यो आसनबाट उठ्दिन ।"

त्यसपछि भिक्षु सिद्धार्थले आफ्नो चित्तलाई चाहिने विषयमा मात्र लगाई राख्नका लागि तयार पार्नुभयो । सांसारिक विषय वासनाप्रति रहेको आसक्तिलाई मनमा ठाउँ दिनुभएन । बरू वहाँले विचार गर्नुभयो– "दु:खहरू कसरी उत्पन्न हुन्छन् ? यी दु:खहरूबाट कसरी मुक्त हुन सकिन्छ ?" तर वहाँ भर्खर ३५ वर्षका युवक हुनुभएकोले मनमा मोजमज्जाहरूको पनि कल्पना आउँथ्यो । आफू दरबारमा छँदा गरिएका मनोरञ्जक तथा रमाइला कुराहरूको सम्झना मनमा बराबर आइरहन्थ्यो ।

यी मायामय कल्पनाहरूले सिद्धार्थको मनलाई सांसारिक जीवनमा लोभ उठाइदिन्थ्यो । दरबारमा फर्केर अघि जस्तै नै आरामकासाथ मनोरञ्जन गरि बस्नजाने इच्छा जागेर आउँथ्यो । तर वहाँले सत्य धर्मप्रतिको अधिष्ठान बलियो रहेकोले आफ्नो सारा मानसिक बल लगाई त्यस्ता कल्पनाहरूलाई जित्ने कोसिस गर्नुभयो । अन्तत: वहाँ सम्पूर्ण खराब विचारहरूलाई नाश गर्न सफल हुनुभयो । अनि हावा शान्त भएपछि पोखरीको पानी स्वच्छ निश्चल भए झैं वहाँको मन शान्त तथा स्वच्छ भयो ।

एकाग्र, शान्त र समाधिस्थ भिक्षु सिद्धार्थले मनमनै जीवनका सम्पूर्ण गतिविधिलाई नियाल्नुभयो । यसले वहाँ जन्म-जन्मान्तरका कुरा सम्झनसक्ने हुनुभयो । यस्तो ज्ञानलाई "पुब्बे निवासानुस्सति ज्ञाण" भनिन्छ । आफ्नो प्रबल ज्ञानबाट अझविचार गर्नुहुँदा वहाँले "कुन प्रकारका प्राणीहरू जन्मेर मर्छन्; तथा आफ्नो कर्म अनुसार पुर्नजन्म हुन्छन् ?" भन्ने कुरा थाहा पाउनुभयो । वहाँले देवताहरूको जस्तै अबाध रूपले देख्नसक्ने "दिव्यचक्षु" ज्ञानद्वारा देख्नुभयो- "आ-आफ्ना कर्मको कारणले केही प्राणीहरू असल, सुखी तथा केही दु:खी भई जन्मन्छन् ।"

अन्तमा वहाँले "मनुष्य सहित अन्य प्राणीहरू जन्म मरणको भुमरीमा पर्नाको मूल कारण मोह तथा मायामय सुखप्रतिको आसक्ति नै हो । यस्तो दु:खको जालबाट मुक्त हुने इच्छा छ भने हामीले सम्पूर्ण तृष्णा निरोध गर्नुपर्दछ ।" भन्ने कुरा आश्रवक्षय ज्ञानबाट स्पष्ट थाहा पाउनुभयो । वहाँ तृष्णा क्लेशबाट विमुक्त हुनुभयो । वहाँले "दु:खहरू कसरी उत्पन्न तथा निरोध हुन्छन्" भन्ने समेत ज्ञान पाउनुभयो । यसप्रकार वैशाख पूर्णिमाको जुनेली रातमा सम्यक् सम्बोधि ज्ञान लाभ गर्नुभई ३५ वर्षका भिक्षु सिद्धार्थ बुद्ध हुनुभयो । सम्यक् सम्बुद्ध हुनुभयो । ■



Downloaded from http://www.dhamma.digital

# महाप्रजापति गौतमी, यशोधरा र अरू महिलाहरूलाई धर्म शिक्षा

सिद्धार्थ (बुद्धत्त्व लाभ पछि) कपिलवस्तु फर्कनु भएपछि शाक्य पुरुषहरू जस्तै शाक्य महिलाहरू पनि संघमा सम्मिलित हुन उत्सुक भएका थिए । ती महिलाहरूको अगुवा स्वयं महाप्रजापति गौतमी थिइन् । तथागत शाक्यहरूद्वारा निर्मित विहार निग्रोधाराममा रहनु भएको बेला महाप्रजापति गौतमी उहाँको सामु पुगिन् र बोलिन्– "भगवान ! महिलाहरूलाई पनि तथागतको धर्म विनय अनुसार प्रब्रजित हुने अनुमति मिले ज्यादै राम्रो हुने थियो ।"

तथागत– "गौतमी ! यस्तो विचारलाई मनमा उत्पन्न हुननै नदिनु, छोडी देउ ।" यसरी दोश्रो र तेश्रो पटकसम्म पनि महाप्रजापति गौतमीले आफ्नो त्यही प्रार्थनालाई दोहऱ्याइन् । तर त्यसबेला पनि तथागतबाट त्यही उत्तर मिल्यो ।

अनि महाप्रजापति गौतमी ज्यादै दु:खी र चिन्तित भइन् । उनीले तथागतको अगाडि शीर झुकाई गहभरि आँसु पारी रूँदै फर्किन् ।

जब तथागत निग्रोधारामबाट चारिकाको लागि निस्कनु भयो, महाप्रजापति गौतमी र अरू शाक्य महिलाहरू एक ठाउँमा जम्मा भई केही गरि तथागतले उनीहरूको प्रार्थनालाई स्वीकार गर्नु नै भएन भने के गर्नुपर्ला भन्ने विषयमा विचार विमर्श गर्न थाले ।

शाक्य महिलाहरूले हरेस नखाइकन यसरी निर्णय गरें– "तथागतले गर्नुभएको इन्कारलाई अन्तिम निर्णय भनी नमानिकन कुनै न कुनै तरिकाले तथागतलाई यस विषयमा राजी गराउने । जसरी भएपनि एक कदम अगाडि बढी आफै परिब्राजिका बनी तथागतको अगाडि उपस्थित हुने । फलस्वरूप महाप्रजापति गौतमीले आफ्नो कपाल काटी बस्त्र पहिरिन् र अरू थुप्रै महिलाहरूलाई साथमा लिई तथागत भेट्नका लागि निस्किन् । त्यस समय तथागत बैशालीको महावन स्थित कूटागार भवनमा रहनु भएको थियो ।

बिस्तारै बिस्तारै महाप्रजापंति गौतमी र अरू महिलाहरू बैशालीको कूटागार भवनमा पुगे । त्यस समय गौतमीको पाइताला सुन्निएको र धूलै धूलोले पनि भरिएको थियो । उनीले तथागत समक्ष आफ्नो पुरानो प्रार्थनालाई फेरि दोहऱ्याइन् जुन विषयमा उनीले तथागत निग्रोधाराममा रहनु भएको बेला प्रार्थना गरिसकेकी थिइन् । तथागतले त्यस प्रार्थनालाई पहिला जस्तै अस्वीकार नै गर्नुभयो । आफ्नो प्रार्थना फेरि पनि अस्वीकार भएपछि प्रजापति गौतमी ज्यादै खिन्न भइन् र उनी कूटागारको ढोका बाहिर उभिरहिन् । अब के गर्ने होला भनी उनी अन्यौलमा परेकी थिइन् । भिक्षु आनन्द कूटागारतिर गइरहेको बेला उनले ढोकानिर उभिरहेकी गौतमीलाई देखी उनीलाई सोध्न पुग्यो– "तिमी यहाँ किन बाहिर उभिरहेकी ? तिम्रो त पाइतालामा पनि सुन्निएको छ र धुलै धुलोले भरिएको छ । अनुहार पनि मलिनो देख्छु । आँखाबाट आँसु बगिरहेको छ ।"

गौतमी– "आनन्द ! तथागतले महिलाहरूलाई घर त्यागी उहाँको धर्म र विनय अनुसार प्रब्रजित हुने आज्ञा दिनु भएन ।"

अनि आनन्द स्थविर तथागत समक्ष जानुभई उहाँलाई अभिवादन गरि एक छेउमा बस्दै तथागतलाई निवेदन गऱ्यो– "भगवान ! महाप्रजापति गौतमी कोठा बाहिर उभिरहेकी छिन् । उनको पाइताला सुन्निएको र धुलैधुलोले भरेको छ । महिलाहरूले घर त्याग गरि तथागतको धर्म र विनय अनुसार प्रब्रजित हुनको लागि तथागतले अनुमति दिनु नभएको कारणले उनको अनुहार पनि दु:खी देख्छु । उनको आँखाबाट आँसु बगिरहेको छ । त्यसैले महाप्रजापति गौतमीको इच्छा अनुसार महिलाहरू पनि प्रब्रजित हुने अनुमति दिनुभएको भए राम्रो हुने थियो । तथागतको आमा देहावसान भएपछि सानी आमाको हैसियतले महाप्रजापति गौतमीले तथागतलाई स्तनपान गराई विशेष सेवा गरेकी होइन र ? तथागत ! त्यसैले मैले फेरि पनि दोहऱ्याई अनुरोध गर्न चाहन्छु– महिलाहरूलाई पनि घर त्यागी तथागतको धर्म र विनय अनुसार प्रब्रजित हुने अनुमति मिले धेरै राम्रा् हुने थियो ।"

तथागत– "आनन्द ! भो रहन देउ महिलाहरूलाई प्रब्रजित गर्नका लागि अनुमति लिने विषयमा तिमीले



Downloaded from http://www.dhamma.digital

रूचि नलिनु ।" यसरी दोश्रो र तेश्रो पटक पनि आनन्दले आफ्नो प्रार्थनालाई दोहऱ्यायो र दोश्रो र तेश्रो पटक पनि आनन्दको प्रार्थना अस्वीकृत नै भयो ।

अनि आनन्द स्थविरले तथागतसंग प्रश्न गर्न थाल्यो । "भगवान ! तपाईंले महिलाहरूलाई प्रब्रजित दिन नचाहनु भएको कारण के होला ?" किनभने भगवान स्वयंलाई थाहा भएकै कुरो हो – ब्राह्मणहरूको मतअनुसार शूद्र र महिलाहरूले कहिले पनि मोक्ष प्राप्त गर्न सक्दैनन् । किनकि तिनीहरू अपरिशुद्ध छन् र पुरुषहरूको दाँजोमा उनीहरू तल्लो स्तरमा नै रहन्छन् । त्यसैले ती शूद्रहरू र स्त्रीजातीहरूलाई प्रबज्या हुने मौका नमिलेको हो ? यदि यस्तो हो भने के तथागतको दृष्टि पनि ती ब्राह्मणहरूको दृष्टि समान नै हो त ? के तथागतले ठीक त्यसरी नै शूद्रहरूलाई पनि ब्राह्मणहरूले जस्तै संघमा सम्मिलित हुने मौका दिनु भएको छैन र ? भगवान ! स्त्रीहरूलाई मात्र त्यस्तो भेदभाव गर्नुको कारण के होला ? के तथागतको धर्म र विनय अनुसार चले पनि स्त्रीहरूले निर्वाण प्राप्त गर्न सक्दैनन् भन्ने तथागतको पनि मत छ कि ?

तथागत– "आनन्द ! मलाई गलत नसम्झ ! मेरो मत अनुसार पुरुषहरूले जस्तै स्त्रीहरूले पनि निर्वाण प्राप्त गर्न सक्छन् । आनन्द ! मलाई गलत तारिकाले नहेर । मैले स्त्रीहरूको अपेक्षा पुरुषहरूलाई कुनै तरिकाले पनि विशेष स्थान दिएको छैन । महाप्रजापति गौतमीको प्रार्थनालाई मैले स्वीकार नगर्नुमा स्त्रीहरूलाई पुरुषहरूको तुलनामा हेयको दृष्टिले हेरेर होइन, बरू व्यवहारिक कारणले गर्दा मात्र हो ।"

आनन्द– "भगवान ! तथागतले मलाई यथार्थ कारण खुलाई बताउनु भएकोले म ज्यादै प्रसन्न छु । तर के व्यवहारिक कारणले गर्दा महाप्रजापति गौतमीको प्रार्थना संधैको लागि अस्वीकृत नै हुने भए त ? के यसो गरेपछि अरूले धर्मको निन्दा गर्ने छैन ? के अरूले तथागतको धर्म विनयमा पुरुषहरूको दाँजोमा स्त्रीहरूलाई हेयको दृष्टिले हेरिएको छ भनेर भन्ने छैन ? जुन व्यवहारिक कठिनाईहरू बारे तथागतलाई चिन्ता छ, त्यसबाट बच्नका लागि केही नियम बनाउन सकिदैन र ?"

तथागत– "आनन्द ! यदि प्रजापति गौतमीलाई मेरो धर्म विनयमा प्रब्रजित हुनका लागि अनुमति माग्ने सिलसिलामा त्यत्रो आग्रह रहेछ भने यसलाई मैले स्वीकार गर्नेछु । तर यसको लागि महाप्रजापति गौतमीले स्त्रीहरूको तर्फबाट आठवटा शर्तहरू पालन गर्ने कुरा स्वीकार गर्नुपर्छ र स्त्रीहरूलाई ती शर्तहरू पालना गराउनु उनको (गौतमीको) नै जिम्मेदारी हुनेछ । महाप्रजापति गौतमीको लागि यही नै दिक्षा हुनेछ ।"

अनि आनन्द स्थविरले तथागतबाट उक्त आठवटा नियमहरूको बारेमा जानकारी प्राप्त गरि प्रजापति गौतमीकहाँ गई यसबारे सबै बृतान्त बताए ।

प्रजापति गौतमी– "आनन्द ! जसरी अलंकार मन पराउने कोही राजकुमार वा राजकुमारीलाई स्नान गरिसकेपछि कसैले कमलको फूल, चमेलीको फूल वा अतिमुक्तकको माला उपहार दिन ल्याउँदा यसलाई दुबै हात थापी लिएर आफ्नो शीरमा राख्छ, त्यसरी नै आनन्द ! मैले यी आठवटा नै नियमहरूलाई जीवन रहुन्जेलसम्मको लागि पालना गर्नको लागि मेरो शीरमा राख्नेछु ।"

अनि आनन्द स्थविर तथागतका सामु आई अभिवादन गरि एक छेउ लागि बसे । छेउ लागि बसेका आनन्द स्थविरले तथागतलाई भन्यो– "महाप्रजापति गौतमीले यी आठवटै नियमहरू पालन गराउने जिम्मेवारी लिएको छ । त्यसैले अब यसलाई उनको उपसम्पदा मान्न पाए हुन्थ्यो ।"

त्यसपछि महाप्रजापति गौतमीको साथसाथै उनीसंग आउने पाँचसय जवान शाक्य पुत्रीहरूले पनि प्रब्रज्या उपसम्पदा ग्रहण गरे । यसरी प्रब्रजित उपसम्पदा भई प्रजापति गौतमी तथागतका सामू आई तथागतलाई अभिवादन गरिन् । तथागतले उनीलाई धर्म र विनयको शिक्षा दिनुभयो ।

अन्य पाँचसय जवान भिक्षुणीहरूलाई तथागतको नन्दक नाम गरेका शिष्यले धर्म र विनयको शिक्षा दिए । महाप्रजापति गौतमीसंगै प्रब्रज्या ग्रहण गर्ने अर्थात् भिक्षुणी हुने शाक्य देवीहरू मध्ये यशोधरा पनि एक थिइन् । भिक्षुणी भएपछि उनको नाम भद्दा कच्चाना (भद्रा कात्यायना) रहन गयो ।

■

साभार : **भगवान बुद्ध और उनका धर्म**



Downloaded from http://www.dhamma.digital

# पिता र पुत्रको अन्तिम भेट

✍ डा. भिमराव रामजी अम्बेडकर
अनुवादक : **ललितरत्न शाक्य**
**प्रस्तोता : लालबहादुर तुलाधर**

(१) भगवान बुद्ध राजगृहको बेलुवनमा बसिरहनु भएको बेला, राहुल अम्बलट्ठिकामा बसेका थिए।

(२) अपरान्ह समाधिबाट उठेर भगवान् बुद्ध राहुल बसिरहेको ठाउँतिर जानुभयो। वहाँलाई टाडैबाट आइरहनुभएको देखेर राहुलले वहाँको निमित्त आसन बिछ्याए र हात-गोडा धुन पानी पनि राखिदिए।

(३) आसनमा बस्नुभएपछि तथागतले हात-गोडाहरू धुनुभयो। तथागतलाई अभिवादन गरिसकेपछि राहुलले एकातिरको स्थान ग्रहण गरे।

(४) राहुललाई सम्बोधन गर्दै तथागतले भन्नुभयो– "म भन्छु, जानाजानी झुठो बोल्न लाज नमान्ने मान्छेले कुनै पनि पाप-कर्म गर्नसक्छ, त्यसकारण राहुल हामीले ख्याल ठट्टा गर्दा पनि झुठो नबोल्ने कुरा सिक्नु पर्छ।

(५) "त्यसकारण कुनै पनि काम गर्न लाग्दा पहिले त्यसबारेमा सोच कुनै पनि शब्द मुखबाट निकाल्न लाग्दा पहिले त्यस बारेमा सोच र कुनै कुरा मनमा खेल्न लाग्दा पहिले त्यसबारेमा सोच।"

(६) "कुनै पनि काम गर्नुभन्दा पहिले त्यसबारेमा बिचार गर कतै त्यो कुरा तिम्रो र अर्काको निमित्त वा दुवैको निमित्त हानिकारक त छैन, किनभने दुष्ट कर्म कष्टदायी हुन्छ। यदि तिम्रो विचारले यो काम त्यस्तै नै हो भनि भन्छ भने त्यसबाट परै बस्ने गर।

(७) "तर विचार गर्दा यो काम हानिकारक नभै लाभदायक नै छ भन्ने लाग्छ भने त्यस्तो काम गर्नुहुन्छ।"

(८) "मैत्रीको अभ्यास गर। मैत्री भावनाको अभ्यासबाट द्वेषको शमन हुनजान्छ।"

(९) "करूणाको अभ्यास गर। यसको अभ्यास गर्नाले दिग्दारीपनको शमन हुनजान्छ।"

(१०) "मुदिताको (=आनन्दपना) अभ्यास गर। यसोगर्दा द्वेष तथा घृणाको शमन हुनजान्छ।"

(११) "उपेक्षाको अभ्यास गर। उपेक्षा भावनाको अभ्यास गर्नाले चञ्चलताको शमन हुनजान्छ।"

(१२) "शरीरको अशुभ रूपको चिन्तन गर, किनभने यस्तो गर्नाले काम-रागको शमन हुनजान्छ।"

(१३) सबै चिजहरूको "अनित्यताको" भावना राख्ने गर किनभने यस्तो गर्नाले अहंकारको शमन हुनजान्छ।

(१४) भगवान बुद्धको वचन सुनिसकेपछि राहुलले अन्त:करणदेखि खुशीभएर तथागतलाई प्रसन्नतापूर्वक अभिनन्दन गरे।

आफ्नो मेहनत, आफ्नो उद्देश्य पूर्ति गर्न यो कुरोमा ख्याल हुनुपर्दछ। मेहनत ठूलो छन् खेरो जान केही वेरै लाग्दैन। भगवान बुद्धले राहुललाई दिएको ज्ञान। ■

## मनं खंके माल

✍ अनगारिका सत्यपारमिता

धर्मे जक जुइवं ब्वाँय् ब्वाँय्।
लाई मखु धर्म न्हाँ
खंके मफुसा दइमखु कर्म नं॥

लोभं नयाबी ईज्जत।
द्वेषं नयाबी मन।
चिन्तां नयाबी उमेर॥

धर्मे जक जुइवं ब्वाँय् ब्वाँय्
लाई मखु धर्म न्हाँ।
खंकि प्रज्ञा विवेक नं॥

मखुसा थ:त नयाबी तँ नं।
नयाबी बुद्धी फुक्क हे।
खंकि वइन प्यम्ह पासापिं॥

धर्मे जक जुइवं ब्वाँय् ब्वाँय्।
लाई मखु धर्म न्हाँ।
खंकि जन्म, बृद्धा, रोगी व मृत्यु नं॥



Downloaded from http://www.dhamma.digital

# धम्मपद-९८

✍ रीना तुलाधर (बनिया)

**"पापो'पि पस्सति भद्रं – याव पापं न पच्चति**
**यदा च पच्चति पापं – अथ पापो पापानि पस्सति ।"**
**"भद्रो'पि पस्सति पापं– याव भद्रं न पच्चति ।**
**यदा च पच्चति भद्रं – अथ भद्रो भद्रानि पस्सति ।"**

**अर्थ** – पापीहरूले जबसम्म आफूले गरेको पापको फल भौग्दैनन् तबसम्म आफूले गरेको काम राम्रै भनी ठान्छन् । जब आफूले गरेको पापको फल भोग्नु पर्छ तब आफूले गरेको पाप देख्छन् ।

पुण्यवानहरूले आफूले गरेको असल कामको फल नभोगेसम्म पुण्य गरेको थाहा पाउँदैनन् । जब आफूले गरेको पुण्यको फल आउँछ तब आफ्नो पुण्य कार्यलाई देख्छन् ।

**घटना** – अनाथपिण्डिक महाजन भगवान बुद्धको प्रति अगाद श्रद्धा राख्ने महाउपासक थिए । जेतवन महाविहार दान गर्नको लागि ५४ करोड धन खर्च गरेका थिए । दिनको तीन पटक भगवान बुद्धलाई भेट्न विहारमा जान्थे । कहिल्यै खालि हात जाँदैनथियो । विहान भातको जाउलो, दिउँसो उचित खाना र साँझ औषधि र फूलहरू लिएर जाने गर्थ्यो ।

केही समयपछि अनाथपिण्डिक महाजन अत्यन्तै गरीब भयो । उनको १८ करोड धन ब्यापारीहरूले ऋृण लिएर फिर्ता दिएन । १८ करोड धन नदीको किनारामा गाडेको नदीको पानीले बगाएर लग्यो । क्रमानुसार उनी गरीब भएर दरिद्र भयो । यति हुँदा पनि उनको बुद्ध प्रतिको श्रदा रत्तिभर कम भएन । उसले बुद्ध र भिक्षु संघलाई दान दिन छोडेनन् । कमशल खालकै भएपनि खानेकुरो दान दिई नै रहे ।

अनाथपिण्डिकको घरमा ढोका माथि बास गरिरहने एउटा देवता थियो । अनाथपिण्डिकको घरमा बुद्ध र भिक्षु संघ भित्र आउने र बाहिर जानेबेला माथि बस्न नसकेर ढोकाको तलतिर आउनु पर्थ्यो । उसलाई दिक्क हुन्थ्यो । महाजन गरीब भएपछि अब कुरा लाएर महाजनलाई बुद्धको प्रति श्रद्धा हटाईदिनु पर्‍यो भनीठानी महाजनको अगाडि प्रकट भएर त्यो देवताले यस्तो भन्न आए – "तपाईंले भविष्यको बारेमा सोच्दै नसोची श्रमण गौतमको लागि धेरै धन खर्च गर्‍यौ । अब तिमी गरीब भयौ । अझै पनि तिमीले श्रमण गौतमलाई दान दिन छोडेका छैनौं । अबदेखि दान दिन छोडेर आफ्नो ब्यापारको काममा लागेर गुमिएको धन फेरि प्राप्त गर्ने सोच । श्रमण गौतम किन चाहियो तिमीलाई ।"

देवताले यसरी भड्काउने कुरा गर्न आएको सुनेर अनाथपिण्डिकले "तिमीजस्ता हजार देवताहरू आएर कुरा सुनाउन आएपनि मेरो भगवान बुद्धप्रतिको श्रद्धा बिग्रिने छैन । अबदेखि तिमी मेरो घरमा बस्नु पर्दैन" भनेर देवतालाई त्यहाँबाट निकालेर पठाइदियो ।

त्यहाँबाट निकालिएपछि देवताले बस्ने ठाउँ नपाएर यताउती धाएर दुःख भोग्नु पर्‍यो । अनाथपिण्डिक कहाँ आएर माफी माग्न आउने पनि साहस गर्न सकेन । दुई चार ठाउँमा अन्य देवताहरूकहाँ माफि माग्न जान साथी खोज्न गए । कसैले साथ नदिएपछि अन्त्यमा इन्द्रकहाँ भेट्न गएर सबै कुरा बताए । इन्द्रले यसरी सल्लाह दिए – "तिमीले अनाथपिण्डिकको गुमिएको धन फिर्ता दिलाइदेऊ । अनि मात्र माफि माग्न जाउ ।" इन्द्रले सल्लाह दिए बमोजिम महाजनको ठाउँमा काम गर्नेको भेषले गएर मेहनत गरि १८ करोड ऋृणको रकम फिर्ता गरिदिए । नदीले बगाएर समुद्रमा परेको धन सम्पत्ति ल्याइदिए । कसैको हक नभएको १८ करोड धन पनि ल्याइदिए । अनाथपिण्डिक उक्त देवताको प्रयत्नले धनी भयो । यति भएपछि बल्ल साहस गरि देवताले अनाथपिण्डिकको अगाडि प्रकट भएर भएको कुरा वृतान्त सुनाए । त्यसपछि अनाथपिण्डिकले त्यो देवतालाई आफ्नो घरमा फेरि बस्न अनुमति दियो ।

त्यसपछि भएको कुरा सबै सुनाउन अनाथपिण्डिकले देवतालाई भगवान बुद्धकहाँ लगे । भगवान बुद्धको अगाडि भएको कुरा जम्मै सुनाएर त्यस देवताले भगवान बुद्धसंग क्षमा मागे । अनाथपिण्डिकसंग पनि क्षमा मागे । भगवान बुद्धले यसरी उपदेश दिनुभयो – "राम्रो र खराब कर्मको फल लामो समयसम्म नआउला । तर निश्चित रूपमा एक समय आउँछ जब असल कर्मको राम्रो फल भोग्न पाउँछ र खराब कर्मको परिणाम दुःख कष्ट भोग्नु पर्छ ।" यस्तो उपदेश दिएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद – ९९

**मा'प्प मञ्ञेथ पापस्स – न मन्तं आगमिस्सति ।**
**उदबिन्दु निपातेन – उदकुम्भो'पि पूरति ।**
**पूरति बालो पापस्स – थोक थोकम्पि आचिनं ॥**

**अर्थ** – थोरै मात्र पाप गरेर के हुन्छ र भनी भन्नु हुन्न । थोपा थोपा पानीले गाग्रो भर्न सकिन्छ । मूर्खहरूले थोरै थोरै गर्दै धेरै पाप जम्मा गर्छन् ।

**घटना** – भगवान बुद्ध जेतवन महाविहारमा बसी रहनु भएको बेला त्यहाँ एकंजना संयम नभएका भिक्षु थिए । ती भिक्षुले विहारमा भएको मेच, कुर्सि, खाट आदि सामानहरू विहारबाट बाहिर चौरमा लगेर बसेर पछि त्यहीं छोडेर आउने गर्थ्यो । पछि ती सामानहरू पानी परेर, घाम लागेर बिग्रिने हुन्थ्यो । अन्य भिक्षुहरूले त्यस्तो नगर्नु, प्रयोग गरेपछि सामानहरू भित्र ल्याउनु भन्दा कुरा नटेरीकन उल्टो – "मैले गरेको दोष सानो हो । न त्यसमा मेरो दोष चित्त नै छ" भनेर जवाफ दिन्थ्यो । यसको त्यस्तो व्यवहार नसुधिएपछि भिक्षुहरूले त्यो कुरा भगवान् बुद्धकहाँ भन्न गए । भगवान बुद्धले त्यो भिक्षुलाई बोलाउन पठाउनु भएर "के यो साँचो हो" भनी सोध्नु भयो । त्यो भिक्षुले आफ्नो दोष स्वीकार नगरिकन भगवानसंग पनि यस्तै भने – "मैले गरेको सानो दोष हो । त्यसमा मेरो कुनै दोष चित्त छैन ।" भगवान बुद्धले भन्नुभयो – "पाप कर्म सानो भनेर ठान्नु हुन्न । खुल्ला ठाउँमा बिर्को खुल्ला भएको एउटा भाँडो राख्यो भने पानी परेको बेलामा त्यसमा थोपा थोपा गरि पानी भर्छ । त्यो भाँडो कहिले भर्लार जस्तो लाग्छ । तर धेरै पानी परिरहँदा त्यो भाँडो पूरा भर्छ । त्यस्तै गरि सानै तर धेरै पानी परिरहँदा त्यो भाँडो पूरा भर्छ । त्यस्तै गरि सानै भएपनि पाप कर्म गर्दै जाँदा त्यो ठूलो पापको ढुंग्रो हुन जान्छ ।" यस्तो उपदेश दिनुभएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

**"वैरले वैरभाव शान्त हुँदैन । मैत्रीले नै वैरभाव शान्त हुन्छ ।"**

**"मूर्खहरूसंग संगत गर्नु भन्दा एक्लै बस्नु जाति ।"**

**– बुद्ध**

# रोगीं थः बैद्यं थः

✍ बेखारत्न शाक्य

(१)

धर्मया ज्ञान थःके मदयाः,
हिं थले हिं बाःस वई थैं,
पापीया चित्ते पाप च्वना
गबलें भिंगु ज्या याई मखु ।

(२)

थःत थःम्हं भिंकेगु मसःम्हं
भिंकीगु गबले, पर यात ?
मैत्री करूणा तये मसःम्हं
उपकार स्वैत याना बिइ ?

(३)

परयात भिनीगु च्यूताः कयाः
मानसिक रोग थःत पी
मने मन्त्ह्यंक पीर तयाः
थःगु कर्मयात दोष बी ।

(४)

नयगु त्वनेगु इच्छा मन्त
मभिंगु चित्त भिंके मफुत ।
रोग जूगुया हेतु मसीकाः
विवाइ धकाः वं शंका याइ ।

(५)

डाक्टर बैद्यत क्यना स्वयाः
स्वैगु वासलं थःत मथियाः
म्वाः मदुगु मने खँ ल्हाकाः
अमुल्य जन्म धिक्कार धाई ।

(६)

आखिर उपाय लुया वई,
धर्मया चित्त मने वया ।
दुश्कर्म यायेगु त्वःता छ्वयाः
मुदिता भाव नुगले तयाः ।

(७)

रोग बुलुहुँ क्वलाना वइ
थःगु दोषत थःम्हं हे खनी,
धन्य धन्य खः बुद्धया शिक्षा,
धैगु हृदयँ चायेकाः काइ ।



Downloaded from http://www.dhamma.digital

# भगवान बुद्धको सांस्कृतिक क्रान्ति

✍ भिक्षु अश्वघोष

ईशापूर्व ६२३ मा बुद्धको जन्म भएको थियो । त्यसताका भारत, पाकिस्तान, बंगलादेश र नेपाल भन्ने देश थिएनन् । त्यसताका भू-खण्डलाई जम्बुद्वीप भनी व्यवहार गरिन्थ्यो । जम्बुद्वीप क्षेत्र १५ लाख ७५ हजार माइलमा फैलिएको थियो रे ! त्यसताका समाज चार वर्णाश्रममा विभाजित थियो । ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र । वैदिक संस्कृतिको इतिहास अनुसार, समाजको व्यवस्था मिलाउन कार्य विभाजन गरिएको देखिन्छ । त्यतिबेला वेद र धर्मको अध्ययन-अध्यापन, यज्ञ-होम, दान लिने तथा कर्मकाण्डको अधिकार ब्राह्मण वर्गलाई दिइयो । उच्चजाति, धर्मको नेतृत्व मात्र होइन, राज्यको अनुशासन, सल्लाह र राजगुरु पदको अधिकारसमेत ब्राह्मणलाई नै दिइयो । राज्य संचालन र दण्डविधान बनाउने अधिकार क्षेत्रीहरूको हातमा गयो । यसरी नै व्यापार, कृषिकर्म, पशुपालन र आर्थिक कारोबार आदि गर्ने जिम्मा वैश्यहरूको हातमा गयो । त्यसताकाको व्यापारी र धनीवर्ग वैश्य नै थियो । यज्ञ-यज्ञादि कार्यको जजमान पनि यिनीहरू नै थिए । समाजमा वैश्यहरूको उच्चस्थान थियो । ब्राह्मण, क्षेत्री र वैश्यको दास समानको जात थियो– शूद्र । यिनीहरूले सेवकको रूपमा जीवन धान्नु पर्दथ्यो, जुन आजसम्म पनि हाम्रो समाजमा यथावत छ ।

ब्राह्मणहरूलाई बालकैदेखि त्रिवेद: ऋग्वेद, सामवेद र यजुर्वेद (पछि थपिएको अथर्ववेद) को अध्ययन तथा पुरोहित परम्पराको कर्मकाण्डको अध्ययन गर्नुपर्ने अनिवार्य शिक्षा लागू गरिएको थियो । अध्ययनमै संलग्न भएकोले अहिलेसम्म बाहुनहरू अध्ययनशील र सुझबुझ भएका हुन् । क्षेत्रीहरूको शस्त्रास्त्र प्रयोग गर्ने तालीम लिन अनिवार्य थियो । त्यसको लागि तक्षशीला, विक्रमशीला आदि विश्वविद्यालयको व्यवस्था थियो । कसै कसैले व्यक्तिगत रूपमा पनि अध्ययन गर्दथे ।

वैश्यहरूले पैसा सापटी दिने आदि आर्थिक कार्यहरू गर्दथे र यज्ञ आदिमा जजमान पनि भई दान आदि दिने काम पनि गर्दथे (शोषण पनि गर्दथे) । यिनीहरूको पनि समाजमा ठूलो स्थान थियो । र, आज पनि छ । राजालाई वैश्यहरूको सहयोग अपरिहार्य थियो । उनीहरूको सहयोग बिना राज्य संचालन गर्नु सजिलो काम थिएन । आज पनि व्यापारीहरूको सहयोग बिना सरकार चलाउन गाऱ्है पर्छ । त्यसैले बजेट बनाउँदा व्यापारीहरूको फाइदातिर ध्यान केन्द्रित हुने गर्छ । यो विधि संसदीय प्रजातन्त्र भएका देशमा मात्र लागू हुन्छ ।

ब्राह्मणहरूले शूद्रहरूलाई शोषण गर्ने क्रममा धार्मिक गतिविधिमा भागलिन र विद्या अध्ययन गर्नबाट पनि बञ्चित गराएका थिए । उनीहरूलाई चर्पी आदि सफाइ गर्ने तल्लो तहको काममा लगाई दासको स्थानमा राखे । शुरू शुरूमा महिलाहरूलाई धार्मिक कार्यमा भाग लिन दिइन्थ्यो, तर पछि गएर ब्राह्मणवादको प्रभुत्व जमिसकेपछि वेदको अध्ययन र यज्ञहोम आदि कार्यमा महिलाहरूलाई भाग लिनबाट बञ्चित गराइयो । माता-पिताको दिवंगतपछि उनीहरूको नाउँमा श्राद्ध गर्ने अधिकार पनि पुरुषहरूमा मात्र सीमित पारिदियो । फलस्वरूप पैतृक सम्पत्तिको अधिकारबाट पनि महिलाहरूलाई बञ्चित पारियो ।

बिस्तारै महिला वर्गलाई सम्पूर्ण रूपले पराधीन बनाउँदै लगियो । जस्तो, बाल्यवस्थामा बाबुको अधीनमा बस्नुपर्छ । विवाहपछि लोग्नेको अधीनमा रही दासीसरह लोग्नेले भनेजस्तो गरि सेवारत हुनुपर्छ । आफूभन्दा लोग्ने पहिले मऱ्यो भने आजीवन विधवा भई बस्नुपर्छ । भारतमा लोग्नेसंगै सती जाने प्रचलन भएको र वेश्याबृत्ति बढेको पनि त्यही कारणले हो ।

हिन्दू संस्कृति अनुसार, जीवनलाई चार आश्रममा विभक्त गरिएको छ ।

(क) ब्रह्मचर्याश्रम = विद्यार्थी जीवन (ख) गृहस्थाश्रम = विवाहित जीवन (ग) बानप्रस्थ = बृद्ध जीवन र सक्यासाश्रम = साधु-सन्यासीयुक्त धार्मिक जीवन ।

यज्ञहोम आदि धार्मिक कार्यदेखि मानिसहरू विरक्त हुन थाले । जजमान घटेपछि ब्राह्मण



Downloaded from http://www.dhamma.digital

पुरोहितहरूलाई जीविका चलाउन गाऱ्हो पऱ्यो । कृषिमा लाग्नु पऱ्यो भनी पुरोहित ब्राह्मणहरू किसान बन्न पुगे । कृषिको लागि पशुपालन गर्न शुरू गरे । पालिसुत्त निपातमा कसिभारद्वाज ब्राह्मणको कथामा "ब्राह्मणहरू पनि खेतको काम गर्दथे" भन्ने कुरा उल्लेख छ । खाद-मलको लागि पशुपालन गर्दा गाईभैंसीबाट धेरै दूध उत्पादन गरि घ्यू बनाउन थाले । अनि उनीहरू ग्राहककहाँ गएर आफ्ना उत्पादन बेच्न थाले । पछि ब्राह्मण नै वैश्य बने । पालि साहित्यअनुसार, यज्ञमा गाई बली दिन्थे । धर्मको नाउँमा हिंसा गर्दथे । हुनत, आजसम्म पनि हामीकहाँ दशैंमा धर्मको नाउँमा प्राणी हिंसा गरेर बली चढाइन्छन् ।

ब्राह्मणहरू पछि गएर राज्य सत्तामा पुगे । भारतमा र हाम्रो देश नेपालको राज्य सत्तामा ब्राह्मणहरूको प्रमुख हात रहिआएको छ । अब ब्राह्मण-क्षेत्री बन्न पुगे ।

हाम्रो लुम्बिनीमा जन्मनुभएका सिद्धार्थ गौतमले बैदिक समाजको विकृति देखेर वाक्क भै समाजलाई सुधार गर्न नै राज्यसत्ता त्याग गर्नुभयो । यसपछि मानव जीवन सुधार गर्ने र शान्तिमा आधारित आर्यअष्टांगिक मार्गको ज्ञान लाभ गर्नुभई तत्कालीन जनमानसमा सांस्कृतिक क्रान्तिको शुरूवात गर्नुभयो । मिथ्या दृष्टिबाट दुःख नाश हुँदैन, अशान्ति भइनै रहन्छ । सम्यक दुष्टि हुनुपऱ्यो अर्थात् ठीक समझदारी चाहियो । जन्मले कोही पनि ब्राह्मण हुँदैन, जन्मले कोही पनि नीच हुँदैन । आफ्नो कामले नै मानिस ब्राह्मण र नीच हुन्छ भनी बुद्धले शिक्षा प्रचार गर्नुभयो ।

भगवान बुद्धले भिक्षु संघ र भिक्षुणी संघको स्थापना गर्नुभई आफ्नो संघमा च्यामे, हजाम, कसाई आदि जातिलाई भिक्षु-भिक्षुणी बनाउन अनुमति दिनुभयो । पालि साहित्य थेरगाथा र थेरीगाथामा सोपाक, सुनीत र उपाली भिक्षु बनेर जीवन मुक्त भएको यसको ज्वलन्त उदाहरण हो । वास्तवमा चित्त शुद्ध भए मात्र मुक्ति पाइन्छ । यज्ञ, होम र कर्मकाण्डले मुक्ति पाउन सकिंदैन भनेर भगवान बुद्धले सांस्कृतिक क्रान्तिमा आवाज बुलन्द गर्नुभएको थियो । ■

# बुद्ध जयन्ती

✍ अ. सुमेधावती

बुद्ध जयन्ती उत्सव मात्र मानेर
बुद्ध ध्वजा बोकी हिंडेर मात्र,
शुद्ध बुद्धका बौद्ध हुने भए,
शील समाधि प्रज्ञा किन चहियो ?

बुद्ध पूजा र भजन मात्र गरेर,
सम्पूर्ण ज्ञान पाउने हो भने,
चतुआर्य सत्यको ज्ञान किन चाहियो ?
आर्यअष्टाङ्गिक मार्ग किन चाहियो ?

अविद्या र तृष्णा मै घुमिरहने हो भने,
विद्या खोजी अप्रमाद किन बन्ने ?
संस्कृति र संस्कार मै रमाई रहने हो भने,
बुद्धको मार्ग फल किन चाहियो ?

प्रार्थनाले मात्र सुगतीमा पुऱ्याउने हो भने,
बुद्धत्त्व धर्मको ज्ञान किन चाहियो ?
आना पाना सती पट्ठान
ध्यान भावना गर्नु नै किन ?

मरेर लानु केही छैन भने,
धर्मको फल भोग्नु नै छैन भने,
दुःख सुखको अनुभव नै किन ?
बुद्ध, धर्म र संघको संगत नै किन ?

बुद्ध प्रति श्रद्धा भावको चित्त नै छैन भने,
बुद्धको शिक्षा र ज्ञान नै बुझ्दैन भने,
बुझेर पनि व्यवहारमा आउँदैन भने,
बुद्ध जयन्ती मात्र मानेर उपलब्धी नै के छ र ?

**"कसैले भनेको भन्दैमा, कहीं लेखेको भन्दैमा कुनै कुरो स्वीकार नगर्नु । आफ्नै विवेकले जाँचिलिए पछि मात्रै स्वीकार गर्नु ।"**

**– बुद्ध**



Downloaded from http://www.dhamma.digital

# विञ्ञाणं अनिदस्सनं

✍ डा. लालमणि जोशी
अनुवादक : अशोककीर्ति, कीर्तिपुर

दीघनिकायको केवट्टसूत्रमा एक जना भिक्षुको बारेमा भनिएको छ, उसको मनमा यसप्रकारको प्रश्न उठ्यो – पृथ्वी, जल, तेज तथा वायु भन्ने जुन चार महाधातुहरू छन्, तिनीहरूको अपरिशेष निरोध कहाँ गएर हुन्छ ? यस प्रश्नको उत्तर उसले चातुर्महाराजिक देउताहरू, त्रायस्त्रिंश देउताहरू, देवराज शक्र, वशवर्ती देताहरू ब्रह्माकायिक देउताहरू महाब्रह्मासमेत संग एक-एक गरि सोध्छ तर यी सबै देउताहरू यस प्रश्नको उत्तर दिनमा असमर्थ सिद्ध हुन्छन् । देउताहरूबाट आफ्नो प्रश्नको उत्तर नपाए पछि त्यो भिक्षु देउताहरू र मनुष्यहरूको शास्ता तथागतको शरणमा जान्छ र आफ्नो गुढ प्रश्न दोहराउँछ । "**कत्थ नु खो, भन्ते, इमे चत्तारो महाभूता अपरिसेसा निरूज्झन्ति, सेय्यथिदं – पठवीधातु, आपोधातु तेजोधातु, वायोधातुति ?**" तथागतले पहिले यस प्रश्नलाई सीधा शुद्ध गर्नु हुन्छ र भन्नु हुन्छ, भिक्षु, यस प्रश्नलाई यसरी सोध्नु पर्छ ।

**कत्थ आपो च पठवी, तेजो, वायो न गाधति ।**
**कत्थ दीघं च रस्सं च, अणुं, थूलं सुभासुभं ॥**
**कत्थ नामं च रूपं च, असेसं. उपरूज्झती'ति ।**

अर्थात्– पृथ्वी, जल, अग्नि तथा वायु लामो, छोटो सूक्ष्म तथा स्थूल, पुण्य र पापको पहुँच कहाँ हुन्न ? नाम र रूप कहाँ गएर सर्वथा समाप्त भैहाल्छ । कुनै स्थान, क्षेत्र, आयतन अथवा धर्म यस्तो छ जुन कि यी चिजहरू भन्दा पर छ ?

त्यो के हो, जुन महाधातुहरूलाई अतिक्रमण गर्छ, नामातीत, रूपातीत र निराकार छ ? तथागत नै यस प्रश्नको उत्तर जान्नु हुन्छ र उहाँले नै यस प्रश्नको उत्तर यसप्रकार दिनु हुन्छ ।

**विञ्ञाणं अनिदस्सनं, अनन्तं सब्बतोपभं ।**
**एत्थ आपो च पथवी, तेजो वायो न गाधति ॥**
**एत्थ दीघं च रस्सं च, असेसं अरूज्झति ।**
**विञ्ञाणस्स निरोधेन, एत्थेतं अरूज्झती'ति ॥**

**विञ्ञाणं अनिदस्सनंः**

अनिदर्शन, अनतं र सर्वतोंप्रभ विज्ञान वस्तुतः निर्वाणको अघिवचन हो । यहाँ यो कुरा ध्यानमा राख्नु पर्छ कि विञ्ञाण = विज्ञान शब्दलाई थेरवादी संहिताहरूमा दुई प्रमुख अर्थमा वां यसभन्दा पनि बढी अर्थमा प्रयोग भएको छ । रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पाँच स्कन्धमा शामेल गरिएको विञ्ञाण वस्तुतः लक्षणत्रय (दुःख, अनित्य र अनात्म) को अधिन छ । यसकारण, उक्त गाथाहरूको अन्तिम पंक्तिमा विञ्ञाणस्स निरोधेन अर्थात् विज्ञान निरूद्ध हुनुसंगको तात्पर्य विज्ञान स्कन्धको निरोधसंग छ । पहिलो पंक्तिमा विञ्ञाणको अर्थ त्यस परमार्थ सत्यलाई सम्झनु पर्छ जसको प्रशस्त प्रतिपाद सन्धिनिर्मोचन सूत्र, लंकावतार सूत्र, विज्ञप्तिमात्रतासिद्धि र तत्त्वसंग्रह आदि ग्रनथहरूमा परवर्तीकालमा गरिएको छ ।

सम्पूर्ण पालि त्रिपिटकमा "विञ्ञाणं अनिदस्सनं अनन्तं सब्बतोपभं" एउटा विशिष्ट एवं असाधारण रूपले महत्त्वपूर्ण पंक्ति हो । जहाँसम्म मेरो सूचनामा छ, यो पंक्ति एक दोश्रो स्थलमा, मज्झिमनिकायमा पनि प्रकाशित भएको छ । यस पंक्तिको उल्लेख पालि त्रिपिटकमा तेस्रो पटक कदाचित भएको छैन ।

मज्झिमनिकायको ब्रह्मनिमन्तनिकसुत्तमा भनिएको छ कि विज्ञान अदृश्य, अनन्त र सर्वत्र प्रभास्वर हो । यो पृथ्वीको पृथ्वीत्वबाट अप्राप्त छ । जलको जलत्वबाट अप्राप्त छ । तेजको तेजत्वबाट अप्राप्त छ, वायुको वायुत्वबाट अप्राप्त छ, भूतको भूतत्वबाट, देवताको देवत्वबाट, प्रजापति ..., ब्रह्मको ... आभास्वरको ..., शुभकृत्स्नको ..., वृहत्फलको ... सर्वको सर्वत्वबाट अप्राप्त छ । जुन मान्छेहरू यो सोध्छन् कि निर्वाण प्राप्त गरेर परिनिर्वृत तथागत कहाँ जानु हुन्छ, कुन लोकमा वास गर्नु हुन्छ इत्यादि उसको कल्पविकल्पलाई ध्यानमा राखेर नै अनिदर्शन विज्ञान अथवा प्रत्यात्मवेध बोधिको अवस्थालाई उदानमा यसप्रकार वर्णन गरिएको छ ।

**यत्थ आपो च पठवी, तेजो वायो न गाधति ।**
**न तत्थ सुकका जोतन्ति, आदिच्चो न प्पकासति ॥**
**न तत्थ चन्दिमा भाति, तमो तत्थ न विज्जति ।**
**यदा च अत्तनावेदि, मुनि मोनेन ब्राह्मणो ।**
**अथ रूपा अरूपा च, सुखदुकखा पमुच्चती ति ॥**



Downloaded from http://www.dhamma.digital

**अनिदर्शन विज्ञानको समानताः**

यी पंक्तिहरूलाई पढेर कठ, मुण्डक र श्वेताश्वतर उपनिषदहरूमा उपलब्ध निम्नलिखित पंक्तिहरूको सम्झना हुनु स्वाभाविक छ –

**न तत्र सूर्यो भाति न चन्द्रतारकं**
**नेमा विधुतो भान्ति कुलोज्यमग्निः ।**
**तमेव मान्तमनुभाति सर्वं**
**तस्य भासा सर्वमिदं विभाति ॥**

तर सौगत परम्परा र औपनिषदिक परम्पराको बीचको सैद्धान्तिक खाल्डोलाई अनात्मवाद र आत्मवाद तथा अनीश्वरवाद र ईश्वरवादको बीचको अन्तरलाई बिर्सनु हुन्न ।

औपनिषदिक विज्ञानात्मकवाद एक प्रकारको शाश्वतवाद हो भने बौद्ध विज्ञानवाद शाश्वतवादको निराकरण गर्छ । यसैकारण आचार्य शान्तरक्षितले "**नित्यजानविवर्त्तोऽज्यं क्षितितेजोजलादिकः । विज्ञानपरिणामोज्यं तस्मात् सर्वः समीक्ष्यते ।**" इत्यादि औपनिषदिकात्मकवादी विज्ञानवादमा किंचित मात्र दोष भेटाएको थियो – "**तेषामल्पापराधं तु दर्शनं नित्यतोक्तितः ।**"

यहाँ कथित प्रश्न संसार (त्रिधातु – कामधातु, रूप धातु र अरूप धातु) को स्वभाव र अस्तित्वको बारेमा हो । विज्ञान एक मात्र परमार्थ हो । यो ठीक छ । संसारको नित्यज्ञानविवर्त्त मान्नुमा आपत्ति छ । कठोपनिषद्को पूर्व उल्लेखित वाक्यमा – "**तस्य भाषा सर्वमिदं विभाति**" मा **सर्वमिदं** = संसारलाई पनि विज्ञान झैं मानिएको छ । चूःकि आत्मा = विज्ञान नित्य छ, शाश्वत छ, त्यसको विवर्त = संसार पनि नित्य र शाश्वत हुनुपर्छ । विज्ञानवादी विचारक वसुवन्धु, धर्मपाल, स्थिरमति आदि, यसप्रकारका विवर्त्तवादलाई मान्दैनन् ।

**विञ्ञाणको अर्थः**

विञ्ञाण = विज्ञानको परिनिष्पन्नता र उसको प्रभास्वर स्वरूपको विचार पालि निकायहरूको समयदेखि बज्रयानको शास्त्रको समयसम्म निर्विवाद रूपमा विकसित भईरह्‍यो । विज्ञप्तिमात्रतासिद्धि - विशंतिका, अभिधर्मकोशकारिका, मध्यकवृत्ति आदि शास्त्रहरूको अनुसार चित्त, मन, विज्ञान, विज्ञप्ति समानार्थक तथा पर्यायवाची हुन् ।

पालि–सूत्रहरूमा चित्तको गम्भीर महिमा गाइएको छ, सर्वविदित छ । अंगुत्तर निकायमा एक स्थलमा तथागतले भन्नु भएको छ – **पभस्सरमिदं भिक्खवे चित्तं । तं च खो आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठं ति । पभस्सरमिदं, भिक्खवे चित्तं । तं खो आगन्तुकेहि उपक्किलेसेहि विप्पमुत्तं ति ।**" चित्त अथवा विज्ञान न केवल अनिदर्शन, अनन्त र सर्वत्र प्रकाशित हुने हो बरू त्यो प्रकाशमय अथवा प्रभास्वर र आफ्नो यथार्थ रूपमा निर्मल पनि छ । बाह्‍य मल जुन यसलाई मलिन बनाउँछ, त्यसबाट यो प्रमुक्त भएर पुनः विमल हुन्छ ।

सिद्ध कम्बलपादले यस निर्मल, प्रभामय चित्तको अनादिचित्त भनेको छ । सुविदित छ कि आचार्य बसुवन्धुले विकल्प व्यापारमा लागेको चित्तलाई विकल्पित बाह्‍यार्थ परमार्थ विज्ञानको परिणाम हुनुको कारण चित्तमात्र भनेका छ । ठीक यही कुरा कम्बलपादले भन्नुभएको छः–

**प्रतिबिम्बादिसन्निभं ग्राह्‍यं अनादिचित्तसम्भवम् ।**
**तदाकारं च विज्ञानमन्योन्यप्रतिविम्ववत् ॥**

तान्त्रिक ग्रन्थहरूमा यस अनादि अनन्त विज्ञानको तादात्मय बोधिचित्त, बज्रसत्त्व सर्वज्ञ (बुद्ध) अथवा कालचक्रसंग गरिएको छ । यहाँ ज्ञान, विज्ञान, शून्य तथा चित्त पर्यायवाची हुन जान्छ । अद्वैतसिद्धिको लेखकले "**प्रकृतिप्रभास्वरं नाथं सर्वज्ञं त्रिभवोद्‌भवम्**" वाक्यद्वारा पुरानो कुरा दोहराइएको छ । नाथ र सर्वज्ञ, बुद्ध र निर्वाण पर्याय हो । प्रकृतिभास्वरको त्यही अर्थ छ जो "**पभस्सर**" र "**सब्बतोपभं**"को अर्थ हुन्छ । र यो अनन्त विज्ञान अथवा अनिदर्शन निर्वाणको नामान्तर अथवा विशेषण मात्र हो ।

तान्त्रिक युगमा मन, चित्त, विज्ञान र विज्ञप्तिको प्रयोग पुरानो भइसकेको ज्ञात हुन्छ । ज्ञान शब्दद्वारा यी सबै शब्दहरूबाट पूर्वकामा प्रचलित अर्थहरूको संकेत गरिएको प्रतीत हुन्छ । सिद्धाचार्यहरूले माध्यमिक तथा योगाचार आम्नायहरूको विचारसंग समन्वय गरेको थियो । यसैकारण बज्रसत्त्वको शून्यता र चित्तमात्रताको युगनद्ध स्वरूप भनियो । आचार्य अद्वयबज्रले यही दृष्टिले लेख्नुभएको छ ।

**बज्रेण शून्यता प्रोक्ता सत्त्वेन ज्ञानमात्रतो ।**
**तादात्म्यमनयोः सिद्धं बज्रसत्त्वस्वभावतः ॥**



Downloaded from http://www.dhamma.digital

बज्रसत्त्वलाई बोधिचित्त पनि भनिएको छ । आचार्य अनङ्गबज्रले यसलाई नित्य घोषित गरेको छ, जो विचारणीय छ ।

नित्यं प्रभास्वरं शुद्ध बोधिचित्तं जिनालयम् । हेब्रजतन्त्रको अनुसार बज्रसत्त्वलाई महासत्त्व यसैले भनिन्छ कि त्यो महाज्ञानरसले परिपूर्ण छ **"महाज्ञानरसैः पूर्णो महासत्त्वो निगधते"** वस्तुतः बज्रसत्त्व ज्ञानमय र ज्ञानकाय स्वरूप हो । परमार्थ सत्यलाई धर्मकाय संग समानताको घोषणा शताब्दिऔं पहिले भैसकेको थियो । तथागत, प्रज्ञापारमिता र अद्वयज्ञान धेरै पहिलेदेखि नै एक अर्कोको रूपमा सुविदित थियो । तन्त्रहरूमा बज्रसत्त्व कालचक्र, प्रज्ञोपाय आदि नवीन शब्दको प्रयोग यसै प्राचीन विज्ञान निर्वाणको लागि भएको छ । श्रीकालचक्रतन्त्रमा सर्वज्ञ ज्ञानकायंलाई शून्य र श्रीकालचक्रको अधिवचनको रूपमा प्रयुक्त गरिएको छ ।

यो सम्झनु भूल हुने छ कि तान्त्रिक बौद्ध आचार्यहरू प्राचीन शास्त्रहरूको भाषा बिर्सिसकेका थिए । आचार्य अनङ्गबज्र योगाचार र माध्यमिक शास्त्रहरूको शब्दावलीको प्रयोगमा धेरै कुशल देखिन्छ । यथा

**ग्राह्यग्राहकसन्त्यक्तं सदसत्पङ्कवर्जितम् ।**
**लक्ष्यलक्षणनिर्मुक्तं शुद्धं प्रकृतिनिर्मलम् ॥**
**नद्वयं नाद्वयं शान्तं शिवं सर्वत्र संस्थितम् ।**
**प्रत्यात्मवेधमचलं प्रज्ञोपायमनाकुलम् ॥**

यी पंक्तिहरू त्यसै अनन्त र सर्वतोप्रभ विज्ञानरूप तत्त्वतिर संकेत गर्छ जसलाई माध्यमिक ग्रन्थहरूमा चतुष्कोटिविनिर्मुक्त र योगाचार ग्रन्थहरूमा परिनिष्पभ विज्ञान भनिएको छ । यो न नित्य छ न त अनित्य, यस्को न आदि छ न त अन्त । अथवा यो भन्न सकिन्छ कि यो छ पनि र छैन पनि, त्यो सर्वव्यापी र सर्वथा प्रकाशमान भएर हुन्छ र संवृतिको पकडबाट बाहिर विकल्पजालबाट सर्वथा मुक्त भएको कारण छैन पनि । यो निराकार र नानाकार दुवै छ । स्वयम्भूपुराणमा यसप्रकारको विचार को प्रकाशन गरिएको छ ।

**अस्तिनास्तिस्वरूपाय ज्ञानरूपस्वरूपिणे ।**
**शून्यरूपस्वरूपाय नानारूपाय ते नमः ॥**

***बौद्ध विद्या विभाग, पंजाबी विश्वविद्यालय***
***पतियाला (पंजाव)***

■

# सम्यक जीवन बनौ

✍ **रमना श्रेष्ठ**

सारा जीवन बितोस् हाम्रो
बुद्धको शिक्षा अभ्यास गर्नमा
अन्तर मनको ज्योति जलाई
आफैले आफैलाई चिनौं

दुःख व्याप्त छ यो सत्य हो
दुःख निरोधको मार्ग छ
राग, तृष्णा, क्षय गर्नु नै
दुःख निरोधगामीनी प्रतिपदा सत्य
यही मार्ग चतुरार्य सत्य
यसैलाई हामी अपनाऔं
अन्तर मनको ज्योति जलाई
आफैंले आफैंलाई चिनौं

सम्यक कर्म समाधी गरेर
सम्यक वाणी हामी बोलौं
काय वाक चित्तलाई
संयमित हामी गरौं
आर्य अष्टांगीक मार्ग अपनाई
कुशल जीवन यापन गरौं
अन्तर मनको ज्योति जलाई
आफैंले आफैंलाई चिनौं

# स्वयम्भू

✍ **भिक्षु विशुद्धानन्द**

ब्यूँझौं न देशवासी उषाले लाली छायो
एक्काइसौं शताब्दीले संघार टेक्न लाग्यो
हेरौं न विदेशीका विज्ञान र विकास
चिन्तनकै खेल हो परीश्रम कै प्रधान

कति गाउने भजन भक्ति कति मान्ने रीतिरिवाज
कति बन्ने सम्प्रदायी कति धाउने मन्दिर धाम
सोधौं न सन्तलाई धर्मको आधार
सत्यको खोजी मानवताको उद्धार

कति गर्ने जातिय झगडा कति चर्काउने पार्टी विवाद
कति जित्ने भोट चुनाव कति गर्ने गोष्ठी सम्मेलन
पढौं न शहिदका नारा रगतका
प्रजातन्त्र र न्याय साथै चौतर्फी विकास



Downloaded from http://www.dhamma.digital

# बौद्ध आध्यात्मिक चिन्तन

✍ सुवर्णमान तुलाधर

लुखाय् घण्टि बिइवं हे तलं छ्म्हेस्यां "कुनेसु ?" धया हल । जिं नं उधिमे "जि" धका: लिस: बिया । तर लिस: छु बिइ धुन जिके थथे मत्ती लुल:–

""जि धैम्ह सु ? पार्थिव शरीर जि ख:ला ? जिगु ख:ला ? शरीर थ:गु इच्छानुसार मदु । बुरा ज्वी मयो: । मयोसां बुरा मजुसें मगा: । ल्वचं कइगु मयो । मयोसां ल्वचं क हे कइगु । सिइ मयो तर मयोसां मृत्युं सात्तु साला यनीगु । यदि शरीर "जि" ख:सा, "जिगु" ख:सा जित मयो मयो कथं शरीरे छुं मजुसे यो यो कथं जक जुइ मा:गु मखुला ? तर यो यो कथं मजू । अकिं पार्थिव शरीरयात "जि-जिगु" गथे धायगु ?

शरीर / देह ला परिनिर्वाणार्थ अर्थात् जरामरणया महान चक्रं, संसार समुद्रं पार जुया वनेत मदयक मगा:गु नांचा (डुंगा) समान जक मखा ! थुकिं याना: हे झी सृष्टि–चक्रे चा:हिले म्वाय्के मानिपिं ख: । अकिं ध्वैत म्हालासला याना: तये मा: । ध्व नांचा समानगु शरीर यात हे "जि" धका: विश्वास या:सा झीसं ध्वैत गुवलें त्याग याये फइ मखु । अले झी न्ह्चावलें संसार-समुद्रे (भव-चक्रे)हे लाना च्वनी, पार लगे जुइ मखु । अकिं शरीर / देहयात "जि-जिगु" धायेगु सर्वथा अनुचित । ध्वैत ला झीसं थ:पिं वनाच्वनागु लँपु समान जक तायेके मा: । थ:पिं वनाच्वनागु लँपुयात झीसं "जि-जिगु" धका हाला मच्वना । सिर्फ वनेमागु थासे थ्येंकेया निंति मा:गु साधन कथं जक नाला च्वना । उकथं हे शरीर नं निर्वाण मार्गे थ्येंकेत फगत साधन ख: । ध्व जि नं मखु । जिगु नं मखु ।

पार्थिव शरीरयात प्रेमयाना: "जि-जिगु" धायेगुलिं अहंकारी ममकारी भावना ब्वलनी । इन्द्रिय-इच्छा पूर्ण यायेगु प्रवृत्ति विकास जुइ । इन्द्रिय मोहले लिप्त जुयेगुलिं तृष्णाया वशे लाइगुला अवश्यांभावि हे जुल । तृष्णां कर्तब्या कर्तब्यया मने मतसें मत्यो: मत्यो:गु कायिक कर्म याकी । अले यानागु ज्या अनुसारया फल नं भोग याये माली । फलस्वरूप जन्म जन्मान्तरया महान भव चक्रे बारम्बार चा:चा:हुला: सर्वदा दु:ख, पीर व चिन्ताया तापं पुका आत्म शान्ति माला जुये माली ।

यदि शरीर सुन्दर सुन्दर, सत्कारयोग्य, सराहनीय, ख:सा मिखा मिखां प्याहां वइगु पिच: लिंगे प्याहाँ वइगु च्व, न्हासं प्याहां वइगु न्हि, प्यनं प्याहाँ वइगु खि, न्हाय्पनं प्याहाँ वइगु न्हाय्पंपुई आदि इत्यादियात मतिना ममता याना: तये मा:गु ख: । तर झी थुपिं खना घच्चा: ! झीसं थुमित छि: छि: याना च्वना । शरीरया अंग-प्रत्यंगया प्रत्येक अवयवं नं थथे हे घच्यायापुसेच्वंगु पदार्थ पिदं धैगु बिचा: याना: शरीरयात थ: मखु मेपिं भा:पेगु शक्ति विकसित याये फुसा झीस अहंकार काम, राग, मोह चफुना? मायाया जालं मुक्त जुये फइ । गुम्हेस्यां शरीरयात "जि-जिगु" भा:पी मखु वं योगु मय:गु न्ह्चाग्गु अवस्थायात नं छुं पा:गु तायेकी मखु । ज्ञानी ब्यक्तिं प्रतिकूल अवस्थायात ला झन हे स्वागत सत्कार याइ । छाय्कि, प्रतिकूल अवस्थाय् लाना च्वनीबलय् हे जक ज्ञान व भक्ति भावया अभिवृद्धि प्रायस: जू ।

शरीरयात "जि-जिगु" धाये मज्यू थें तुं मनयात नं "जि-जिगु" धायेगु योग्य मजू । यदि मनयात "जि-जिगु" धायेगु ख:सा ध्वं झीगु आवश्यकतानुसार जक बिचरण याये मा:गु मखुला ? तर मनं अथे मया: । मन नं झीसं धैथे छतिं मदु । ध्व क्षण क्षण पतिं हिला च्वंगु क्षणिक चेतनशीला धारा जुया च्वंगु दु । अकिं ध्वैत "जि-जिगु" धका: गथे धायेगु ?

प्रत्येक क्षणय् अस्तित्त्व दया च्वनीगु नित्य-पदार्थ संसारे छुं हे मदु । शरीरया इन्द्रिय वा इन्द्रियं अनुभव याइगु न्ह्चाग्गुं अनित्य, असार हिला च्वों । झीत हे काये ! मांया क्वखँ प्याहाँ वयावलेया थें ज्या:पिं ख:नि ला झी ? अवले या थें ज्या:गु शरीर – ला, हि, क्वैं, स्नायु मन, बुद्धि – ख:ला आ: झीके ? मखु ! लिपा लिपा नं थुपिं फुक्क हिला: मेमेकथं ज्वी तिनि । थुकथं संसारे दया च्वोंक्व सम्पूर्ण पदार्थ अनित्य, असार, परिवर्तनशील ! तर "जि-जिगु" धायेगु अहंकारी ममकारी भाव छगू धां:सा आदि निसें नित्य जुया च्वंगु दु ।



Downloaded from http://www.dhamma.digital

भव-चक्र अनादि खः, अनन्तरूपं चाःहिला च्वंगु दु । अहंभाव अनित्य मजूगु हे थ्वया मू कारण धाये माः । संसारे दया च्वंक्व सम्पूर्ण पदार्थयात ज्ञानद्वारा मदेका छूवे फु । तर "जि" धायेगु अहं भावयात धाःसा मदेका छूवे, मफु । थ्व अहंभाव दु खः थुकिया उत्पति स्थान छक्वः दुवाले । खुता आन्तरिक-आयतन–चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन, खुता बाह्य-आयतन – रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म व खुता विज्ञान–काय (चेतन-समुदाय) – चक्षु विज्ञान, श्रोत विज्ञान, घ्राण बिज्ञान, जिह्वा विज्ञान, काय-बिज्ञान, मनो विज्ञान आदि झिंच्याता अष्टादश धातुया हेतु प्रत्ययया संयोजनं उत्पन्न जुइगु "अहंभाव" खः । गथेकि छैं, अपा, नं, सिमेण्ट, चा आदिया सम्बन्धं उत्पति जुइगु खः सिवाय अन्य अलग पदार्थ मखु, अथेंतुं अहंभाव नं शरीरनापयागु संसर्ग वा सम्बन्ध, संयोजनाया उपज खः सिवाय अन्य अलग पदार्थ मखु । झीपिं सी धुंका म्ह मदुसां अहंभाव क्षय जुइमुख । पूर्व जन्मे उत्पन्न जुइ धुंकूगु कर्म-बीजया कारणं साधारणतयाः ग्रहण याये माःगु पुनर्जन्मे नं थ्व अहंभाव अधिकारी जुयाः उत्पन्न जुइ । थ्वैत निरोध यायेगु उपाय छु ?

खुता आन्तरिक - आयतन व खुता बाह्य-आयतनया संयोग व संस्पर्श उत्पन्न जुइगु खुता विज्ञान-काय (चेतन-समुदाय) यात हे "जि" भाःपा "जि खना, जिं ताया, जिं नँतुना, जिं स्वाद कया, जिं थिया, जिं लुमंका आदि धकाः झीसं न्ह्याबलें अहंभाव पिथना च्वनीगु खः । झी न्ह्याबलें छगू न छगू विज्ञानं गुवलें रहित मजू । जिह्वा विज्ञान दयाःसां मनोविज्ञान दयाःसां झीत दिपाःहे मदयक छता मखु छता विज्ञानं गुवलें मप्वंगुलिं झीके "जि" अहंकार मछिंक दया च्वनीगु खः । गथेकि मि ग्वाःगु स्वकू हेंग्वायात छथासं तलकि अग्निया बल बृद्धि जुइ परन्तु अलग अलग तया बिल कि बल क्षीण जुइ, तदनुरूप अष्टादश धातुदात नं अलग अलग थःथःगु हेतु प्रत्यय् हे पन्छे यानाः अर्थात् लीन यानाः छूवे फुसा अहंभाव निरोध जुइ । थुगु प्रसंगे बौद्ध बाङमय् उल्लिखित निम्न प्रकरण थन स्मरण योग्य जूः–

**संसार चक्र ज्ञय्य अवश्यं**
**प्रत्युतसमुत्पाद आनह्यनन्तं**
**तथापि दक्षेन तमन्त शक्ति**
**प्रज्ञाय-द्रस्तब्य भो देव मनुष्यं ॥**

भावार्थ, भो देव मनुष्य ! थ्व संसार आदि नं मदु, अन्तनं मदुगु खः । छगुलिं मेगु उत्पन्न याइ, मेगुलिं मेगु उत्पन्न जुइ प्रत्ययया-उत्पत्ति–नियम (प्रतीत्यसमुत्पाद) खः । अथे नं अप्रमादि जुयाः इच्छा निवृतिद्वारा संसार अन्त यायेगु शक्ति मनुष्य याके दु ।

झीगु इच्छा आकांक्षा असीमित खः । छगू इच्छा पूवनेवं बुंगाःचाय् लः जायावोथें मेमेगु इच्छा दना वइ । मनोकांक्षा पूर्ति जुइ थाकुया वोःलिसे दुःख अप्वया वइ । हाकनं अज्ञानतावस मनूतसें अनित्य, असार, दुःखदायी पदार्थयात सुःखया साधन भाःपाः च्वंगु दु । दुम्हेसित दतले जक सुखः परन्तु मदय्वं दुःख जुइ । मदुम्हेसित मदुगुली हे संतोष जूसा दुःख नं दै मखु अनित्यगु सुख नं दै मखु । तसर्थ सुनां इच्छायात परित्याग यानाः आत्म सन्तुष्टी काइ उम्हेस्यां हे जक शान्ति सुःख प्राप्त याये फइ । असंतोषीम्ह मनुखं न्ह्याथाय् न्ह्याक्व मोला जूसां शान्ति सुःख प्राप्त याये फइमखु । आत्म संतुष्टी मदु तल्ले परमानंद सुःख अनुभव जुइ मखु ।

भगवानयागु आराधना याइम्ह भक्तं भगवानयाके वर, प्रसाद फ्वना च्वोंतल्ले वया मन संसारे तुं लानाः भगवानया दर्शनं तापाका च्वने माली । अकिं भक्तं भगवानयात तनमनधन समर्पण यानाः "थ्व नाम–रूप (मन व शरीर) यात वसपोलं छु याये माःगु खः याना बिज्याइ सिवाय जिं छुं हे यायेगु इच्छा याये मखु" धकाः मत्ती तयेगु उपयुक्त जू । थुकथं "मानि" धैगुयात परित्याग यानाः "गात" धैगु आत्म सन्तुष्टी काये फुसा जक परमानन्द सुःख अनुभव याये फइ ।

सुःख दुःख धैगु कर्मया फल मखु । कर्मया फल जा केवल परिस्थिति मात्र खः । व परिस्थितियात सुःख दुःखया संज्ञा बिइगुला मनया कल्पनां जक खः । अहंकार नाश याये धुंकूम्ह ब्यक्तिया सुःख दुःख धैगु दइमखु । पूर्वजन्मे पारमिता पूर्ण याःम्ह ब्यक्ति प्रतिकूल परिस्थितिइ लाइ बले आत्ते जुइ मखु, प्रसन्न चित्त याना जुइ । बरू इच्छा निवृत्त याना? आत्मसन्तुष्टी काइ । अनुकूल परिस्थितियात नं वं परोपकार यायेगु ई चूलात



Downloaded from http://www.dhamma.digital

धकाः तायेकाः उत्साहित जुया भिंगु ज्या यायत कुतः याई। तर न्हापा न्हापा दुःख तायेकाः भने अशान्ति याना च्वनी। अले तदउपाय भाःपा अनेक दुराचारी कर्म यायेगु विनाशकारी धारणा विकसित याई। पायछिगु इले नं वं अज्ञानी जुयाः मखुथे शरीरं मखुगु ज्या याना हे च्वनी।

गुलिं गुलिं सिनं धाइ – "अहं भाव मदयेकं धर्माचरण गथे याये फइ ? अहंभाव मदुम्हला जड लोहँ थें जक जुइ।" तर शाश्वत यथार्थता थ्व खः – "अहंभाव अनतक्क दया च्वनी गनतक्क तत्वबोध जुइ मखु। अनासक्त जुयेगु तत्वबोध याःम्ह ज्ञानी याके अहंकार दइ मखु। कर्मफल भोग याय्गु इच्छा दतल्ले जन्म ग्रहण यानाः भव-चक्रे चाःहिले माः। छाय्कि, अविद्या, संस्कार, विज्ञान, नाम-रूप, षडायतन, स्पर्श, बेदना, तृष्णा, उपादान, भव, जाति, जरा-व्याधि-मरण, सम्मिलित प्रत्ययया उत्पत्ति नियमं हेतु फलं (प्रतीत्यसमुत्पादं) हे पुनर्जन्म जुइगु खः। फलया आशा मतसें याःगु भिंगु ज्याया पुण्यया हेतु खः। थुकिं पुलांगु पाप बिनास जुइ। पुलांगु पाप बिनास जुयाः न्हूगु पाप उत्पन्न मजुल कि निश्चय नं पुण्य बृद्धि जुयाः तत्व साक्षात्कार यायेगु शक्तिया प्रादुर्भाव जुइ। कथहं अहंकार ममकार नं अन्त जुया वनी। "जि-जिगु" भाव मदया वनेवं निर्विकल्प जुइ। निर्विकल्प अवस्थाय् प्राप्त जुइगु रसानुभूति सुनानं दयेकूगु नं मखु। दयेका वंगु नं मखु, हाकनं मदया वनीगु नं मखु। थुगु अवस्थाय् 'यो-मयोः', 'सा-मसाः' 'शत्रु-मित्र', 'सुख-दुःख', 'ख्वाः-ख्वाउँ', 'तःधं-चीधं', 'भिं-मभिं', 'लाभ-अलाभ', 'निन्दा-प्रसंसा', 'यश-अपयश', फुक्कं एक समान जुइ। थुगु इच्छा रहित समता-प्राप्त अवस्थाया रसानुभूति थःथम्हं तुं पिदनीगुलिं थ्व "स्वयम्भु" खः। थ्व रसानुभूति प्राप्त जुइवलेयागु अवस्था वर्णन केवल रसानुभूति अनुभव याःम्ह अनुभबिं हे जक सिइके थुइके फइ सिवाय शब्द, अक्षर, तर्क वा धर्मोपदेशकद्वारा प्रकाश याये फइगु वा याये ज्यूगु मखु ...।"

जितः खापा खं वःम्हं खापा चायेकूवलय् "ह्वाङ्गाङ्ग" सःवल। थ्व सलं थारा न्हुयाः जिगु चिन्तन श्रृङ्खला छथुं विश्रृङ्खलित जुया वन ... ! ■

# श्रद्धाञ्जली

✍ पुष्पराज शाक्य

च्वापु गुँ स्वे बले यु ताकाया छेँयँ गुलि तापा गुलि तापा
न्ह्याक्को हे तापासां जापान बुद्धया नातां झी लिक्क हे ला

लुम्बिनीइ शान्ति स्तूप अहोहो ! गपाय्गोगु विश्वे न्यंकं जो हो मदूगु
अनेक विहार गुम्बा झो झो दै वोःगु, शान्ति स्तूप जक झीथाय् छाय् मत्वःगु ?
न्ह्यखां झंगया मिखा छुना तःपिं हि फः द्योत स्व झो छू वोगु
न्ह्यप्पुइ कुबुद्धि स्वच्चाका स्व छुरा न पेस्तोल जोना वोगु

तिरिक्व गुलें सः मदूगु लुम्बिनी, विश्व दबुलिइ सदां झल्मल झल्मल
न्ह्यले ला ज्वले ला भिक्षुया छ्योने गोलिं धाँय्ग कय्का बिल
विडम्बना थौं थ्व छु स्वे माल सम्पूर्ण बौद्धया नुगले मुर्की नलक
स्वाँ वा गाःगु वा लुम्बिनी भूमिइ भिक्षुया छ्यलं हि बाहा वल

बुद्ध वाणी-"अन्यायी व खः गुम्हस्यां अन्याय सह याना च्वनी"
स्याःम्हं स्याका, सिइम्ह सिका दुःख जक कय्का सुम्क च्वंसा
मेगु नं झं अप्पो दुःख दुःख महादुःख कःवइ झीत
धी छधीथें झी ज्वी धुंका दीमते पलाः न्ह्याःगु उगु
हि ख्वों धाःगु ल्हा गन चाःवनि स्वे तिनि झीसँ अवश्य छन्हु

दँ दँ बौद्ध सकले दँ, द्यना च्वंपि दःसां याकन थँ
निर्वाण प्रार्थना यायेत मुना, श्रद्धाञ्जली छपासः बीतःसां दँ
मनू पुचले मनूया मनू जुयेगु नैसर्गिक अधिकार
पद्म पुष्प द्योने बिज्याःम्ह तथागतयात सदां हे नमस्कार

ना मु म्यो हो रें गे क्यों

"धूप दीप नैबद्यले पूजा गर्दैमा तथागतलाई सत्कार र पूजा गरेको ठहरिदैन। जसले धर्म अनुसार आचारण गर्छ, उसैले तथागतलाई पूजा गरेको ठहरिन्छ।" – बुद्ध



Downloaded from http://www.dhamma.digital

# पटाचाराया व्यथा

✍ अमृतमान शाक्य

श्रावस्ती नगरया
म्हचायमचा छ
पटाचारा
चं चं धागु वैसे थ्यंम्ह


वैसया जोवन पीमफु
व मनं
च्यो भ्वातिं मखन
व मनं ।

सु:ख दु:ख
सम खंका
दिन छ्वोया चोंम्ह
पटाचारा मय्जु ।

थ:गु हे जिद्दी दु
व मय्जुया
व भाजुया छुं लगेमजू
दु:खया दिन वल ।

जिद्दीं यानां
वा फसं कय्का
भाजु सर्पं न्याना: सित अन
वया मिखां मखंक ।

ख्व-ख्वं व मय्जु
निम्ह मचा पाछाया
खुसि छिनावन व
छम्ह मचा इमां काल
मेम्ह मचा खुसिं काल ।



विरहनं खोया जुल
श्रावस्ती थ्येंकवन
रूप मदु वया
जोवन नं मदु वया ।

सुनां मता: वया करूण स:
थगुहे पहलं खोल वं
वया नगरे मां-बौ मदु अन
वयात नालीपिं सुंमदु अन ।

विरहनं खोया जुल
पचिनांगा जुल व
था:गा: मन्त व
वं वं थाय् हाऽ हाऽ यात वयात ।

पटाचारा मय्जु
श्रावस्ती नगरया म्हचायमचा जुयानं
इतिमिति कन व
श्रावस्तीया लोकया सलं ।

सीत काल मवो
म्वायत नालीपिं मदु अन
गनवने गनच्वने जुल वयात
लोकं लित्तु लिनाबिल अन ।

भाग्यया फलं
भगवान बुद्धया लंपुस लात व
करूणाधारी बुद्धं
शरण काल वयात ।

धन्य ! धन्य !! पटाचारा ।



Downloaded from http://www.dhamma.digital

**२०५४ श्रावण ३२ गते**

यसदिन शोभियत रत्न तुलाधरले "भगवान बुद्धका बिरोधीहरू" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो - "भगवान बुद्धलाई उहाँ बुद्ध हुनु भएपछि मात्र होइन बुद्ध हुनु भन्दा अगाडि पनि उहाँप्रति बिरोध गर्दै विभिन्न झुठा आरोप र लाञ्छनाहरू लगाइएको देखिन्छ । ती मध्ये केही आरोप र अवरोधहरू यसरी छन् ।

१) जादू तन्त्र मन्त्र गरेर धर्म प्रचार गरेको आरोप ।
२) समाजका लागि ब्यर्थको भार बनेको आरोप ।
३) सुखी गृहस्थीहरूलाई बर्बाद गरेको आरोप ।
४) हत्या गरको आरोप ।
५) अनैतिक कार्य गरेको आरोप ।
६) देवदत्तको तर्फबाट विभिन्न अवरोधहरू ।
७) कट्टर ब्राह्मणहरूको तर्फबाट विभिन्न अबरोधहरू ।"

अगम्य रत्न कंसाकारको सभापतित्त्वमा ज्ञानेन्द्र महर्जनले संचालन गर्नु भएको उक्त कार्यक्रमको रिपोर्टिंग इन्द्रमान महर्जनले गर्नुभएको थियो ।

**२०५४ भाद्र ७ गते**

यस दिन पूज्य अश्वघोष महास्थविरले "शील पारमिता" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– "शील मानव जीवनमा नभई नहुने अनुशासन हो । यो मानव जीवनको लागि एक प्रमुख अंग पनि हो । त्यसकारण शील एक शीलवान ब्यक्तिको लागि "शीर" हुन जान्छ । जुनसुकै पुण्य कर्मको आधार नै शील हो ।"

चरित्र शीलको ब्याख्या गर्नु हुँदै ,उहाँले फेरि भन्नुभयो "आफु बसेको ठाउँ र वातावरण सुहाँउँदो कार्य गर्न जान्ने क्षमतालाई चरित्र शील भन्न सकिन्छ । बुद्धको शिक्षा मरिसकेपछि सुख पाउनको लागि मात्र होइन, बर्तमान जीवन सुधार्नको लागि हो । वर्तमान जीवन सुधार्न सकेमा मात्र भविष्य पनि राम्रो हुनेछ । त्यसकारण बुद्धले उपदेश दिंदा भन्ने गर्नुहुन्छ वर्तमान जीवन सुधार गर्नु पर्छ । विहारमा आई अध्ययन गर्नु नै वर्तमान जीवन सुधार्नको लागि हो तर भन्न त सजिलो छ, यसलाई ब्यवहारमा उतार्न भने गाह्रो छ । शील पालन गर्दा हामीले थुप्रै फाइदाहरू प्राप्त गर्न सक्छौं ती यसरी छन् ।

१) विश्वासीलो पात्र बन्न सकिनेछ ।
२) कीर्त फैलिने छ ।
३) समाजमा इज्जत पूर्वक बाँच्न सकिनेछ ।"
४) मन प्रशन्न हुनेछ ।
५) सुगती प्राप्त गर्न मद्दत मिल्नेछ ।"

यस दिनको कार्यक्रम रोशन काजी तुलाधरको सभापतित्त्वमा ध्रुवरत्न स्थापितले संचालन गर्नु भएको थियो । कार्यक्रमको रिपोर्टिंग विमला शाक्यले गर्नु भएको थियो ।

**२०५४ भाद्र १४ गते**

यस दिन मदन रत्न मानन्धरको संयोजकत्वमा एक छलफल कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा बुद्ध शिक्षा बारे नबुझेका विभिन्न विषयहरूमा सोधनी गरिएको थियो । यी प्रश्नहरू मध्ये भारद्धाज भन्ने एक ब्राह्मणले दिएको भिक्षा बुद्धले स्वीकार गर्नु भएन किन ? भनि गरिएको प्रश्नका लागि बिभिन्न सहभागीहरूले आ-आफ्ना विचारहरू ब्यक्त गरे ।

अन्तमा मदन रत्न मानन्धरले भन्नुभयो-' बुद्ध परचित्त बुझ्ने ज्ञान भएको एक महामानव हुनुहुन्छ । त्यसैले उहाँले भिक्षाको लागि दिइएको बस्तु लाञ्छनाले युक्त भएको बस्तु हो भनेर स्वीकार गर्नु भएन ।"

अर्को प्रश्न यसरी उठाइएको थियो- "बुद्धलाई अलौकिक रूपमा देखाईको विषयलाई मान्नु जरूरी छ ?" उक्त प्रश्नको उत्तर यसरी दिइएको थियो- "बुद्धलाई अलौकिक रूपमा प्रस्तुत गर्नुमा कुनै आपत्ती मान्नु जरूरी छैन ।"

इन्द्रकुमार नकर्मीका सभापतित्त्वमा संचालित उक्त दिनको कार्यक्रमको रिपोर्टिङ्ग धुव्ररन्त स्थापितले गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

**भिक्षुणी धम्मवती धार्मिक नेत्री सम्मेलनमा सहभागी**

International Temple for world peace Ryugenin Religious Corporation को आयोजनामा आयोजित "माया र शान्तिका दूतहरू" विषयक महिला धार्मिक नेत्रीहरूका बिच जापानको हिरोसिमामा मिति २०५४ आश्विन १७-२२ सम्म) एक शान्ति सम्मेलन सम्पन्न भएको छ ।

श्रलंका, कोरिया, ताईवान, वर्मा, थाइल्याण्ड, तिब्बत, सिंगापुर, मलेसिया, जापान र नेपाल आदि विभिन्न मुलुकका महिला धार्मिक नेत्रीहरूले भाग लिएको सो सम्मेलनमा नेपालको तर्फबाट भिक्षुणी धम्मवतीले भाग लिनु भएको थियो ।

**धर्मकीर्ति विहार**

**२०५४ भाद्र २५, ३१ र आश्विन १ गते**

साप्ताहिक बुद्ध पूजा कार्यक्रममा भिक्षुणी धम्मवतीबाट दिनुभएको प्रवचनको सारांश-

"शिक्षित र धार्मिक व्यक्ति बन्नका लागि मानिससंग श्रद्धा र प्रज्ञा दुबै बराबर मात्रामा हुनु आवश्यक छ । श्रद्धा बढि प्रज्ञा कम हुनु खतरनाक हुन्छ भने श्रद्धा कम प्रज्ञा बढि हुनु पनि खतरनाक नै हुन्छ । धर्म भनेको नै मानसिक सुख प्राप्त गर्न सक्नुलाई भनिन्छ । भौतिक सुखको साथसाथै मानसिक सुखलाई प्राप्त गर्न सकेमा मात्र मानिसको जीवन सुखमय बन्न सक्नेछ । संसारिक जन्म मरण चक्रबाट मुक्त हुनका लागि केही न केही अभ्यास गर्नु पर्छ भन्ने मनमा राखी सोही अनुसार संसारको अनित्यता बोधलाई विचार गरी व्यवहारिक बनी अभ्यास गर्न सकेमा मात्र उक्त व्यक्तिको मनुष्य जीवन सार्थक बन्नेछ ।"

मिति २०५४।६।८ गते भिक्षुणी धम्मदिन्नाले प्रवचन गर्नुहुँदै भन्नुभयो- "हामी बुद्धको सच्चा अनुयायी बन्नको लागि बुद्ध शिक्षालाई व्यवहारमा उतार्न सक्नु पर्छ । बुद्धले भन्नु भएको छ- "समग्गानं तपो सुखो" अर्थात एक आपसमा (इर्ष्या, द्वेष, भावना नराखी परस्पर चुक्ली गर्ने बानी हटाई) झैझगडा नगरी मेलमिलाप गरी बस्न सक्नु नै सुख हो ।" ■

**"जटा भएर, गोत्र भएर तथा जन्म भएर मात्रै ब्राह्मण हुंदैन, जसमा सत्य र धर्म छ, उही पवित्र, उही ब्राह्मण हुन्छ ।" - धम्मपद**

# भिक्षु प्रति

✍ राज शाक्य, कालेबुंग

गृहस्थ जीवनलाई तिलांजलि दिएर
मुण्डन गरि चीवर धारण गरेर
बुद्ध-धर्म संघको शिक्षा बोकेर
दु:खमय जीवनबाट, मोक्ष लक्ष्य लिएर
हिंड्ने ध्वंश गरि कामना-वासना
हे भिक्षु ! गर्छु तिमीलाई वन्दना ।

लोभ, मोह रिस राग त्यागेर
आर्य अष्टांगिक मार्ग पालन गरेर
शरीर, वचन, चित्त, निर्मल गरेर
दूर-दूरान्त गई बुद्धोपदेश छरेर
हिंड्ने लिएर लोक कल्याण भावना
हे भिक्षु ! गर्छु तिमीलाई वन्दना ।

सारिपुत्र भयो अग्रश्रावक बुद्धको
देखेर शान्त तेजोमय रूप भिक्षुको
राज्य सम्राट तेजोमय रूप भिक्षुको
राजा सम्राट अशोक भयो धर्माशोक
देखेरै शान्त रूप, भिक्षु न्यग्रोध कुमारको
उपकारक छ तिम्रो, शान्त-रूप अरचना
हे भिक्षु ! गर्छु तिमीलाई वन्दना ।

ईच्छाको जन्मस्थल, मनलाई वशमा राखी
माया ममता आलस्य तृष्णा त्यागी
उँचा नीच, जात-पातको भेद मेटाई
सत्य अहिंसा समताको पाठ पढ़ाई
हिंड्ने, जगाई विश्व शान्तिको चेतना
हे भिक्षु ! गर्छु तिमीलाई वन्दना ॥

**"हावा चलेको दिसातिर धूलो फ्याँक्दा त्यो धूलो आफैं माथि पर्न आएझैं, निर्दोषी शुद्ध र क्लेश रहित पुरुषलाई गरिएका दोषारोपणको प्रतिफल पनि आफैं माथि आइपर्दछ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# समाचार

### धर्मोदय सभा चितवन शाखाको प्रेस विज्ञप्ती

२०५४ आषाढ २५ गते

आदरणीय जापानी भिक्षु युनाताका नावातामेको गत २०५४ साल आषाढ १९ गते राती १०:३० बजे निर्मम हत्या गरिएकोमा धर्मोदय सभा चितवन शाखा स्तब्ध भएको छ। लुम्बिनीलाई विश्व सम्पदा सूचिमा समावेश गरेको समाचार को लगतै भएको यस हत्याले सम्पूर्ण बौद्ध जगतमा आक्रोश छाएको महसुस हामीले गरेका छौं। तसर्थ निष्पक्ष छानवीन आयोग गठन गरि हत्यारालाई कडा से कडा कारवाही गर्न हामी जोडदार मांग गर्दछौं। जापानी बौद्ध समुदायमा यस दुःखद घडीमा धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनि कामना गर्दछौं। यस्तो घटना दोहोरिन नदिन आवश्यक व्यवस्था यथाशिघ्र गर्न समेत श्री ५ को सरकारलाई सचेत पार्न चाहन्छौं।

### बुद्ध विहार धरान ८ का विविध कार्यक्रमहरू

१. भिक्षु जटिल र भिक्षु धर्मवंश महास्थविरको उपाध्यायत्त्वमा नेपालका विभिन्न दुर्गम क्षेत्रहरूबाट आएका विद्यार्थीहरूलाई अस्थाई श्रामणेर र ऋषिनी प्रब्रज्या गरिएको।

२. श्री धर्मकुमारी मोक्तान गुंला पारु १ महिनाको लागि अस्थाई अनगारिका बनेका थिए भने श्री कृष्ण प्यारी ताम्राकार, श्री शुभलता लाखे र श्री मीनाकुमारी ताम्राकार आदि तीन जवान ऋृषिनी प्रब्रज्या भएका थिए।

३. श्री धर्मराज तामाङ्ग, श्री अरूण मोक्तान, श्री रणबहादुर तामाङ्ग र श्री चन्द्रबहादुर तामाङ्ग गरि जम्मा ४ जवान १० दिनको लागि अस्थाई श्रामणेर भएका थिए।

४. भाद्र २२ गते मनोज रावत र लक्ष्मी चौधरीको बौद्ध संस्कार अनुरूप शुभ-विवाह सम्पन्न।

५. गुंला पारु १ महिना भरि दैनिक ध्यान शिविर, प्रतित्य समुत्पाद बारे धर्म देशना गरियो भने २ दिने भिक्षाटन कार्यक्रम पनि सम्पन्न गरिएको थियो।

### स्याङ्जामा बृक्षारोपण

धर्मोदय सभा स्याङ्जा पंचमूल शाखाको आयोजनामा श्रावण ५ गते धर्मचक्र प्रवर्तन दिवसको पुनीत अवसरमा स्थानीय शिरूबारी स्थित बौद्ध गोम्पाको प्राङ्गणमा विविध कार्यक्रम सहित भव्यताका साथ मनाइयो। उक्त दिनमा शान्ति पदयात्रा गरि कप्तान श्री बुद्धीबहादुर गुरूङ्गको अध्यक्षतामा धार्मिक सभाको आयोजना गरिएको थियो। र लामा गुरु यामप्रसाद गुरूङ्ग्ज्यूद्वारा धर्म देशना दिनुभएको थियो। साथै धुपी सल्लो, देवदारू, उत्तिस, लाकुरी जस्ता विविध जातका बोटविरूवाहरू रोपियो र साँझमा घरघरमा दीपावली गरि धर्मचक्र प्रवर्तन दिवस बडो धुम-धामका साथ मनाइयो।

### बौद्ध प्रशिक्षण कला तथा विवेचनात्मक छलफल

युवा बौद्ध समूह, काठमाडौंको सकृयतामा गत भाद्र ६ गते देखि संघाराम भिक्षु तालिम केन्द्र, ढल्को तथा श्रीकीर्ति विहार, कीर्तिपुरमा तीन महिने बौद्ध चित्रकला एवं मूर्तिकला प्रशिक्षण कार्य संचालन भईरहेको छ। संघाराममा २२ जना र कीर्तिपुरमा १३ जवान गरी जम्मा ३५ जवान प्रशिक्षार्थीहरू प्रशिक्षण कार्यमा सहभागी रहेका छन्। बौद्ध साहित्यमा उल्लेख भए बमोजिम बुद्धको चित्राकृति एवं मूर्तिलाई यथार्थ रूपमा चित्रण गर्न सिकाउनु नै प्रशिक्षण कलाको उद्देश्य रहेको कुरा थाहा हुन आएको छ। प्रमुख प्रशिक्षकका रूपमा युवा बौद्ध समूहका अध्यक्ष एवं कलाकार श्री चिनीकाजी ताम्राकार रहनु भएको छ भने सहायक प्रशिक्षकहरू द्वय धर्मशील शाक्य र राजा वज्राचार्य हुनुहुन्छ।

यसरी नै डा. भिमराव अम्वेडकरद्वारा लिखित "बुद्ध र उहाँको धर्म" ग्रन्थमा केन्द्रित रहेर युवा बौद्ध समूहका सदस्यहरू तथा अन्यान्य बौद्ध समुदायका सदस्यहरू बीच विस्तृत विश्लेषणात्मक छलफल कार्य गुँला महिनाभरी युवा बौद्ध समूहको आयोजनामा सम्पन्न



Downloaded from http://www.dhamma.digital

भएको जानकारी प्राप्त भएको छ । स्मरण रहोस् पोखरावासी श्री ललितरत्न शाक्यद्वारा नेपालीमा अनुवादित उक्त प्रशिद्ध बौद्धग्रन्थ पोखरास्थित धर्मशीला बुद्ध विहारको दायक सभाबाट प्रकाशित गरिएको हो । ■

**लुम्बिनी नेपाल बुद्धधर्म समाज (बेलायत)**

स्थापना : १ फेबुअरी, १९९७ ।

अध्यक्ष : भिक्षु शीवली, नेपाली

**पृष्ठभूमी :**

बुद्ध शिक्षा विशेष गरि सबै संघ संस्था प्रति परस्पर माया, दया, शान्ति र मधुरो सम्बन्ध कायम गरि आधुनिक भौतिकवादी संसारको दु:खबाट मुक्ति पाउनको लागि हो ।

सांसारिक दु:ख संसारका सबैप्राणीलाई लागू हुन्छ । त्यसकारण हामीलाई यस सांसारिक दु:खबाट मुक्त हुने बाटो वा उपायको आवश्यकता रहेको छ । बुद्धको शिक्षाले यही बाटो देखाउँछ जुन सबै मानव समुदायलाई लाभप्रद शिद्ध हुन्छ । बुद्धको यस शिक्षा (धर्म) लाई हामीले ज्यादा मन पराउँछौं तापनि पश्चिमी मुलुकका हामी नेपालीहरूले यसको महत्त्वबारे राम्ररी ज्ञान हासिल गर्न सकिराखेका छैनौं । नेपालीको नाताले हामीले बुद्ध धर्मलाई प्रचार प्रसार गर्नको लागि सक्रिय भूमिका खेल्नु पर्ने महशूस गरेका छौं । बेलायत निवासी नेपालीहरूको संख्या थोरै मात्रामा भएपनि अहिले हाम्रो लागि बुद्ध शिक्षामा आधारित आध्यात्मिक भावनाको बीउ रोप्ने राम्रो समय आइपुगेको छ । यही कारणले गर्दा "लुम्बिनी नेपाली बुद्ध धर्म समाज (बेलायत)" स्थापना गरिएको छ ।

**यसका उद्देश्यहरू :**

(१) बुद्ध शिक्षालाई जनमानसमा प्रचार गरि यस शिक्षाको उपादेयताबारे जानकारी दिलाउने ।

(२) बुद्ध धर्म अनुयायीको रूपमा रहेका बेलायत निवासी नेपालीहरू लगायत अन्य व्यक्तिहरूको आध्यात्मिक अभ्यास बारे छलफल, विचार आदान-प्रदान र रचनात्मक संवाद आदि कार्यहरूका लागि Forum स्थापना गर्ने ।

(३) नेपाल लगायत विभिन्न देशहरूका बुद्ध अनुयायी संस्थाहरूसंग सम्बन्ध बढाउने ।

(४) नेपाल लगायत विभिन्न देशहरूमा मानव जातीका दु:ख कम गराउने कार्यमा सेवा पुऱ्याउने ।

(५) धार्मिक विषयहरू बारे प्रकाशन । ■

**धर्मोदय सभा वार्षिक साधारण सभा**
**२०५३ को समाचार**

धर्मोदय सभाको २०५३ सालको वार्षिक साधारण सभा २०५४ भाद्र २१ गते शनिवार कीर्तिपुर स्थित श्रीकीर्ति विहारमा सम्पन्न भयो ।

धर्मोदय सभा केन्द्रिय सल्लाहकार समितिका सभापति भिक्षु सुदर्शन महास्थविरबाट बुद्ध प्रतिमामा माल्यार्पन तथा पानसमा बत्ति बालि समुद्घाटन भएको उक्त साधारण सभाको सभापतित्त्व सभाका कार्यवाहक अध्यक्ष श्री लोकदर्शन बज्राचार्यज्यूले गर्नु भएको थियो ।

तीन सत्रमा विभाजित कार्यक्रमको पहिलो सत्रमा समुद्घाटन कार्यक्रम पश्चात थेरवाद परम्परानुसार शीलप्रार्थना भिक्षु सुमंगल महास्थविर समक्ष, बज्रयान परम्परानुसार स्वस्तिवाचन पंडित बद्रिरत्न बज्राचार्यबाट, महायानी परम्परानुसार बुद्धप्रार्थना लामा गुरुहरूबाट भएको थियो ।

त्यसपछि स्वागत भाषण गर्नु हुँदै महासचिव डा. त्रिरत्नमान तुलाधरले नेपाल भ्रमण वर्ष १९९८ मा धर्मोदय सभाले सक्दो योगदान दिने जानकारी दिनुभयो । गत वर्ष देखि सरकारबाट आर्थिक अनुदान प्राप्त नभएकोमा दु:ख व्यक्त गर्दै उहाँले श्री ५ को सरकारको तर्फबाट बौद्धहरूलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा धार्मिक शोषण गरेको विचार प्रकट गर्नु भयो र लुम्बिनीलाई विश्व सम्पदा सूचीभित्र राखिएकोमा श्री ५ को सरकारमा कृतज्ञता प्रकट गर्नुका साथै लुम्बिनी क्षेत्रमा चाँडै अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोड दिनु भयो ।

त्यसरी नै उपाध्यक्ष श्री ओमकार प्रसाद गौचनले आफ्नो मन्तव्यको क्रममा मायादेवी मन्दिरमा रहेको मूर्तिको दुरावस्थाले विदेशीहरू दुखित भएको, धर्मोदय सभाले लुम्बिनीको शान्ति सुरक्षाको राम्रो व्यवस्था गर्न



Downloaded from http://www.dhamma.digital

पटक पटक माग गर्दा वेवास्ता गरिएको त्यसकै कारण जापानी बौद्ध भिक्षुको हत्या भएको विचार प्रकट गर्नुभयो । त्यस्तै हिन्दुहरूको चाड तीज भएको कारण प्रत्येक शुक्रवार नेपाल टि.भि.बाट प्रशारण हुने बौद्ध कार्यक्रमलाई प्रशारण नगरिएकोमा दु:ख प्रकट गर्नु भयो ।

त्यस्तै श्रीलंकाका राजदूत तथा चिनियाँ राजदूतका प्रतिनिधि पनि उपस्थित भएको उक्त सभामा थाइलैण्डका का.वा. राजदूत श्री प्रेचा पिटिसान्तले अन्य धर्ममा भन्दा बुद्ध धर्ममा माया, दया र करूणाको विशेष महत्व भएको र यहि नै बुद्ध धर्मको मूल सार रहेको विचार प्रकट गर्नु भयो ।

धर्मोदय सभा सल्लाहकार समितिका सभापति भिक्षु सुदर्शन महास्थविरले नेपालबाट निकालिएका भिक्षुहरू समेत मिलि उ. चन्द्रमणी महास्थविरको अध्यक्षतामा भारतको सारनाथमा गठीत धर्मोदय सभाले शुरूमा थेरवादलाई मात्र प्रचार प्रसार गर्ने उद्देश्य राखिएता पनि समय र परिस्थिति अनुसार महायान र बज्रयान समेत संगाली त्रीयानको प्रचार प्रसारमा लागेको र प्रत्येक २-२ वर्षमा राष्ट्रिय सम्मेलन गरिदै आएको कुरा प्रकाश पार्नु भयो । लुम्बिनी क्षेत्रमा रहेको ५८ पुरातात्विक क्षेत्रहरूमा व्यापक उत्खनन् गरिनुपर्ने र त्यसबाट प्राप्त पुरातात्विक सामाग्रीले नै त्यहाँको वास्तविक इतिहास छर्लङ्ग हुनेछ भन्नु हुँदै देवदह रामग्राम बारे श्री ५ को सरकारले कुनै सामग्री प्रचार प्रसार नगरेकोमा दु:ख प्रकट गर्नु भयो ।

त्यसपछि सभाका का. स. श्री धर्मकुमार हलवाईले सभामा भाग लिने शाखा तथा सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । उक्त कार्यक्रमको संचालन सभाका सचिव श्री बुद्ध रन्त बज्राचार्यले गर्नु भएको थियो ।

साधारण सभाको मूल कार्यक्रम दोस्रो सत्रमा स्वागत भाषण गर्नु हुँदै सभाको उपाध्यक्ष तथा राजपरिषदका सदस्य श्री कनकमान शाक्यले ५४ वर्ष अगाडि भारतमा स्थापना भएको धर्मोदय सभा २००८ सालमा काठमाण्डौको श्रीघ: विहारमा कार्यालय स्थापना गरि २०१३ सालमा पाँचौं विश्व बौद्ध सम्मेलन - २०४३ सालमा १५ औं विश्व बौद्ध सम्मेलन तथा ५ वटा राष्ट्रिय सम्मेलनहरूको आयोजना गरिएको इतिहास बोकेको धर्मोदय सभाले धर्म निरपेक्षताको आन्दोलन तथा हालै लुम्बिनीमा बौद्ध भिक्षु नावातामेको हत्याको विरोधमा बौद्ध भिक्षु नावातामे हत्या विरूध संघर्ष समिति- २०५४ मा प्रमुख रूपमा सहभागी काठमाण्डौमा विशाल शोक पदयात्रा तथा शोकशभा गरिएको जानकारी दिँदै उहाँले भविष्यमा पनि आवश्यकतानुसार सभाले कार्यक्रम दिदैं जाने कुरा बताउनु भयो ।

त्यसपछि महा-सचिव डा. त्रिरत्नमान तुलाधरले २०५३ सालको गतिविधिको प्रतिवेदन तथा २०५४ सालको हालसम्मको विवरण तथा कोषाध्यक्ष श्री लक्ष्मीदास मानन्धरले २०५३ सालको आर्थिक प्रतिवेदन पेश गर्नु भयो ।

त्यसपछि उक्त सत्रमा धर्मोदय लुम्बिनी विहार तथा गुम्बा निर्माण समन्वय समितिका सचिव श्री पद्मज्योतिले लुम्बिनीमा धर्मोदय सभाले बनाउँदै गरेको विहार गुम्बा महाविहार तथा स्वयम्भू स्तूप बारे हालसम्मको विवरण प्रस्तुत गर्नु हुँदै धर्मोदय सभाले लुम्बिनी विकास कोषसंग सर्वप्रथम नेपालको तर्फबाट विहार बनाउने सम्झौता भए यता अन्य देशहरूले पनि सम्झौता समेत गरेर निर्माण कार्य पूरा गरिसके । तर धर्मोदय सभाले उल्लेखनीय देखिने कार्य सम्पन्न गर्न नसकेको र गरेको कार्य पनि जमिन भित्र मात्र सीमित भएको छ भन्नु हुँदै उहाँले हाल सम्म निर्माण कार्यमा ३५ लाख र प्रशासनिक कार्यमा ४ लाख गरि ३९ लाख खर्च भइसकेको र यस रकमबाट स्वयम्भू स्तुपको जग मात्र हाल्न सकेको र थप ८५ लाख जम्मा भएपछि सो चैत्यको निर्माण कार्य पूरा हुनेछ भन्नु भयो ।

तत्पश्चात धर्मोदय सभाका ३३ शाखाहरूमध्ये साधारण सभामा उपस्थित २५ शाखाहरूमध्येबाट १६ शाखाहरूले वार्षिक प्रतिवेदन तथा सुझाव पेश भएको थियो । त्यसपछि सदस्य तथा शाखाहरूको जिज्ञासाको उत्तर का.वा. अध्यक्ष, महासचिव तथा कोषाध्यक्षबाट



Downloaded from http://www.dhamma.digital

दिइएको थियो । साथै आर्थिक वर्ष २०५४ को लागि कैलास पतिन्द्र अमात्यलाई लेखा परीक्षकको रूपमा नियुक्त गरिएको थियो ।

सभाका का. का. स. श्री सुवर्ण शाक्यबाट संचालन भएको उक्त कार्यक्रम पछिको तेस्रो सत्रमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा भएका बुद्ध धर्मसँग सम्बन्धित बौद्ध गतिविधि तथा नेपालका बौद्धहरूले गरिनु पर्ने आवश्यक कार्यको छलफल गर्नुका साथै श्री ५ को सरकारलाई लुम्बिनीसंग सम्बन्धित २५ सुत्रिय माग पूरा गर्न ध्यानाकर्षण गरिने निधो गरियो ।

उक्त २५ सूत्रीय माग मध्येका केही मागहरू यसप्रकार छन् ।

लुम्बिनीमा भइ सकेका उत्खनन् कार्यहरूको रिपोर्ट तुरून्त प्रकाशित गरिनु पर्ने, अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु पर्ने, बौद्ध विद्यालय तथा बौद्ध विश्वविद्यालय बनाउनु पर्ने, मायादेवी मन्दिर उपयुक्त व्यक्तिको रेखदेखमा राखिनु पर्ने, चक्रपथ बनाउनु पर्ने, लुम्बिनी ग्रामभित्र अस्थायी यातायात तथा सडक बत्ती तथा शौचालय राखिनु पर्ने, प्रवेशद्वारा निर काठेपुलको सट्टा राम्रो पुल बनाउनु पर्ने, ५ वर्षे योजना लागु गर्नुपर्ने, सुरक्षा प्रहरीको व्यवस्था गरिनु पर्ने , निर्माण समाग्रीमा करमुक्त हुनुपर्ने, लुम्बिनी विकास कोषको बजेट १ करोडबाट बढाई ५ करोड पुऱ्याउनु पर्ने, कोषलाई पूर्ण स्वशाशित बनाउनु पर्ने, आयस्रोतको राम्रो परिचालन तथा पारदर्शिता हुनुपर्ने, कार्य अनुगमन तथा सिंहावलोकनको व्यवस्था हुनु पर्ने, लुम्बिनी विकास कोषलाई सहयोग गर्ने समूहको गठन गरिनु पर्ने, नवलपरासी स्थित रामग्रामको हुलाक टिकट प्रकासन गरिनु पर्ने, लुम्बिनी मै मायादेवीको नाउँमा प्रसुति गृह निर्माण गरिनु पर्ने, कपिलवस्तुमै कार्यालय स्थापना गरि तिलौराकोट गोतिहवामा उत्खनन् गरिनु पर्ने, भिक्षु नावातामेका मुख्य हत्यारालाई यथाशक्य नेपालमा ल्याएर तुरून्त कारवाही गरि त्यसको जानकारी जनसमक्ष ल्याउनु पर्ने आदि मागहरू छन् ।

■

# सच्चा हृदय बनाऊ

✍ हरिकृष्ण श्रेष्ठ, धरान-१२

दु:खको भुमरीमा परिरहेका
ए मानवहरू आफ्नो पापको
कबुल गरि प्रायश्चित गर ।
केही दु:ख त तिमीले शान्त पाउँछौ ।

शान्त र धैर्य गर्न सिक
अरूलाई दु:ख नदेऊ
हिंसाको बाटो नलागी
सबै प्राणी एक हो भनी सम्झिदेऊ ।

परेवाको जोडी झैं शान्त बस्ने
फूलको वास्ना झैं हावामा फिजाउने
यस्ता राम्रा काम गर्ने गर
अमर कृति राखी मन वचन कर्म गर

ध्यान बसी जीवनको केही क्षण
आफ्नो भविष्य बारे चिन्तन गर
गौतम बुद्ध किन अमर भए
सो सम्बन्धी मनन गर ।

आज संसारमा धेरै देश
गौतम बुद्धलाई शास्ता भनि
सभक्तिका साथ प्रणाम गर्छ
आफ्नो पाप धोई सच्चा हृदय बनाउँछ ।

**"विशाल चट्टानलाई जस्तोसुकै कडा आँधीबेरी आए पनि डेग चलाउन सक्दैन त्यसैगरी जस्तोसुकै निन्दा वा प्रसंशाले पनि सच्चा पण्डितलाई विचलित पार्न सक्तैन ।"**
**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

छलफल

# बुद्ध शिक्षा सम्बन्धी पुस्तकको अभाव

✍ मेघदूत

आज त ठीक समायमा नै सदस्यहरू उपस्थित भएका छन् । एक जना नयाँ महिला सदस्य समेत उपस्थित भएको छ । समूहबाट एक जनाले सोध्यो– "बहिनीको परिचय पाए हुन्थ्यो ।"

महिला सदस्यले आफ्नो परिचय दिंदै भनिन्– "म बुद्धमाया गुरूङ्ग, पोखराबाट आएकी हुँ । म बुद्धको अनुयायी हुँ ।" त्यसैले मलाई बुद्ध शिक्षा साऱ्है मनपर्छ । म बुद्ध शिक्षा प्रति अगाध श्रद्धा र भक्तिका साथै प्रतिबद्धता व्यक्त गर्दछु । तर आज मैले एउटा सानो गुनासो बोकेर आएकी छु । तथागत बुद्ध हाम्रै देशमा जन्मनु भए पनि हाम्रा बौद्ध संघ संस्थाहरू नै किन फितलो देखिन्छन् ? बुद्ध शिक्षा जतिमात्रामा प्रचार हुनुपर्ने हो, त्यत्ति हुन सकिराखेको छैन । यहाँ त बुद्ध शिक्षा सम्बन्धी पुस्तकहरूको पनि अभाव देखिन्छ । फेरि आज भोली त हाम्रा दाजुभाई दिदी बहिनीहरू क्रिश्चियन धर्म प्रति साऱ्है प्रभावित भएका देखिन्छन् । उनीहरूले पैसाको लोभ देखाउँदै औषधी-उपचार र शिक्षाको सुविधाहरू दिंदै पनि धर्म प्रचार गर्न पल्केका छन् । क्रिश्चियन धर्मबाट प्रभावित व्यक्तिहरू भन्ने गर्छन्– "क्रिश्चियन धर्म अंगालेमा मर्ने बेलामा मृत्यु संस्कार गर्न समेत आफूले केही खर्च व्यहोर्नु पर्दैन । लामा गुरुहरू बोलाई खर्च गर्नुपर्ने झन्झट पनि गर्नु पर्दैन । त्यति मात्र कहाँ हो र दशैं जस्तो परम्परागत चाडवाडहरू पनि मनाउनु पर्दैन । उल्टो महिनै पिच्छे आम्दानी पनि पाइन्छ । यसरी क्रिश्चियनहरूले आफ्नै पाराको धर्म प्रचारार्थ सक्रिय हुँदै थुप्रैं पुस्तकहरू निःशुल्क वितरण गर्दै हिंड्ने गर्छन् ।

तर बुद्ध शिक्षा सम्बन्धी पुस्तकहरू भने निकै अभाव देखिन्छन् । मैले पोखराको धर्मशीला विहारबाट तीन चारवटा बौद्ध पुस्तकहरू पढ्नको लागि बल्ल मौका चाहिं भेटाएकी छु । काठमाडौंमा त बौद्ध पुस्तकहरू थुप्रै संख्यामा छापिएको देखें । ती मध्ये धेरै पूस्तकहरूको संख्या नेपाल भाषामा (नेवारी) प्रकाशित भएको रहेछ । दीघ निकाय र मिलिन्द प्रश्न जस्ता रूचीकर पुस्तकहरू समेत नेपाल भाषामा छापिएको रहेछ । हामी नेपाल (नेवारी) भाषा नबुझ्ने व्यक्तिहरूका लागि त ती पुस्तकहरू कामै लाग्दैनन् । त्यसैले ती पुस्तकहरू नेपाली भाषामा पनि छपाई उपत्यका बाहिर पनि बुद्ध शिक्षा प्रचार गर्न पाए बेश हुने थियो ।"

छलफल कार्यक्रमका आयोजकले भने– "आफ्नो गुनासो पोखी सही सल्लाह दिनु भएकोमा बहिनीलाई धेरै धन्यवाद छ । तर एउटा कुरालाई बिचार गर्नुस् हामी बुद्धका अनुयायीहरूले कसैलाई पनि धनको प्रलोभन देखाउँदै बुद्ध शिक्षालाई करकापमा पारी मनाउने धर्मको रूपमा लिन सुहाउँदैन । अर्को कुरो बौद्ध संघ संस्थाहरूमा आर्थिक कमजोरीहरू छन् । त्यसैले यी संस्थाहरूले धर्म सम्बन्धी पुस्तकहरू छाप्दै निःशुल्क वितरण गर्दै हिंड्न असमर्थ छन् । धर्म भनेको स्वइच्छाले मान्नु पर्ने विषय हो ।

धेरै जसो बौद्ध संस्थाहरू निश्क्रिय रूपमा रहेका छन् । एक-दुई वर्षपछि मात्र राष्ट्रिय सम्मेलन गरेर पनि चित्त बुझाई रहने संस्थाहरू पनि छन् । बौद्ध साहुजीहरू भोज भतेर मनाउनभने लाखौं रूपैंयाँ खर्च गर्न पनि तयार हुन्छन् । त्यस्तै महापरित्राण पाठ गराउँदै लाखौं रूपैयाँ खर्च गर्न गौरव ठान्छन् । तर बुद्धको शिक्षा सम्मिलित भएका ज्ञान गुणका पुस्तकहरू छाप्न लगाउँदा २०, ३० हजार रूपैयाँ खर्च गर्न भने हिचकिचाउने गर्छन् । पैसा बिना धर्म प्रचार गर्न गाऱ्हो छ ।

कमसेकम मृत्यु संस्कार एउटाको मात्र भए पनि कार्यभार जिम्मा लिन सक्ने बौद्ध संघ संस्था भएको खण्डमा गरीब बौद्ध परिवारलाई ठूलो राहत पुग्ने थियो । बुद्ध शिक्षा सम्बन्धी पुस्तकहरू प्रकाशित गर्दै धर्म प्रचार गर्न पाए ज्यादै बेश हुने थियो । लाचार छन् बौद्ध संघ संस्थाहरू के गर्नु ।"

अर्का एकजना सदस्यले सोधे– "बुद्ध पूर्णिमाको" उपलक्ष्यमा अखिल नेपाल भिक्षु संघको तर्फबाट रहरलाग्दो बुलेटिन एउटा भए पनि प्रकाशन भइरहेको

*(बाँकी कभरको दोस्रो पेजमा)*

मुद्रक : **"न्यू नेपाल प्रेस"** • अफिस फोन : २२१०३२ फ्याक्स : (९७७-१) २२५४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital